# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क ४४, पूर्णाङ्क १३९ | २०७५ वैशाख ०५ गते बुधबार | Wednesday, 18 April 2018 | www.eratokhabar.com | मूल्य रु. १०







## क्रसर र कन्स्ट्रक्सनमा बम विस्फोट

■ रातो खबर संवाददाता/

काभ्रेपलाञ्चोक जिल्लाको नमबुद्ध नगरपालिकाको चौकीडाँडास्थित कुनसाङ लामाको क्रसर उद्योगमा शुक्रबार राती बम विस्फोट भएको छ। विस्फोटबाट लामाको क्रसर उद्योग परिसरमा रहेको एउटा क्रसर मेसिन, ३ वटा स्काइभेटर र केही ट्रिपर जलेर नस्ट भएको खबर छ। लामाले लामो समयदेखि आपराधिक क्रियाकलाप गर्दै आएको, स्थानीयहरूलाई डरत्रास देखाएर क्रसर सञ्चालन गरेको, जबरजस्ती स्थानीयको भिरपाखाबाट ढुङ्गा निकालेको, करोडौं कर छली गरेको र उद्योगमा काम गर्ने मजदुरको श्रम शोषण गरिरहेको जनाइएको छ। लामाले स्थानीय किसानलाई कुटपिट गर्नुका साथै जबरजस्ती जग्गा कब्जा गरेर क्रसर उद्योग सञ्चालन गरेको बताइएको छ। क्रसर उद्योगका कारण खोलाको पानी प्रदूषित हुँदा गाउँलेहरूले सास्ती बेहोर्नु परेको पनि चौकीडाँडाबासीले बताएका छन्। यो विवरण तयार पार्दासम्म बम विस्फोटको जिम्मा कसैले लिएको छैन।

यसैबीच २०७५ साल बैशाख १ गतै बेलुका ८ बजेतिर शर्मा कन्सट्रक्सनको झापास्थित कार्यालयमा आगजनी भएको छ। मोरङ र झापाको सीमाक्षेत्र रतुवामाई खोलाको पुल निर्माणार्थ साबिकको मधुमल्ला गाविसस्थित मधुमल्ला बजारमा रहेको उक्त कम्पनीको कार्यालयमा भएको आगजनीबाट एउटा

... बाँकी पृष्ठ ५ मा

# भारतका चार आयामिक हस्तक्षेप

## प्रधानमन्त्री केपी चुप बसे

■ रातो खबर संवाददाता/काठमाडौं

**काठमाडौं** : नेपालमाथि भारतले चार आयामबाट हस्तक्षेप बढाएको विज्ञहरूले बताएका छन् । यसरी नेपाली राष्ट्रियतामाथि भैरहेको अतिक्रमणका बारेमा प्रधानमन्त्री केपी शर्मा ओलीले चुँसम्म पनि नबोलेको खुलासा पनि विज्ञहरूले गरेका छन्। उनीहरूले आफूलाई राष्ट्रवादी हुँ भनेर गर्जने केपी शर्मा ओली दिल्ली मोदीका सामु मुसा भएको पनि बताएका छन्।

बागबजार स्थित होटेल हार्दिकमा ४ गते मङ्गलबार नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) र नेकपासहित चार दलले आयोजना गरेको 'भारतसँगका असमान सन्धि/सम्झौता र राष्ट्रियताको प्रश्न' विषयक अन्तर्क्रिया कार्यक्रममा विज्ञहरुले उक्त कुरा बताएका हुन्।

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा जनपरिषद् नेपालका केन्द्रीय प्रमुख सन्तोष बुढामगरले अन्तर्क्रियालाई सम्बोधन गर्दै भन्नुभयो, 'नेपालमा भारतको हस्तक्षेप बढ्दै गएको छ। यहाँको जलस्रोत, भौगोलिक क्षेत्र र आर्थिक क्षेत्रमा भारतले हस्तक्षेप गर्दै आएको छ । यसबाट मुक्त हुनका लागि एकीकृत जनक्रान्तिको माध्यमबाट नेपालमा समाजवाद ल्याउनुपर्छ। नेपालको क्रान्ति पूरा गर्न सच्चा क्रान्तिकारीहरू एक हुन जरुरी छ। त्यसका लागि हामीहरू लागिपरेका छौं।'




जलस्रोतविद् दीपक ज्ञवालीले भन्नुभयो, 'नेपालको जलस्रोतमाथि भारतले गिद्देनजर लगाएको छ ।' उहाँले नेपालमा भएका महाकालीलगायत असमान सन्धि, माथिल्लो कर्णाली, अरुण ३, कोसी उच्च बाँधका बारेमा केपी ओलीले नरेन्द्र मोदीसँग केही पनि

... बाँकी पृष्ठ ५ मा

## नेपाल कम्युनिस्ट पार्टीको नाममा ठगीधन्दा

■ अम्बिका चन्द/काठमाडौं

वर्तमान संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थाको विकल्प प्रस्तुत गरेको नेकपा देशको वैकल्पिक र उदीयमान राजनीतिक शक्ति हो । राष्ट्रलाई माया गर्ने देशभक्तहरूले भविष्यमा राष्ट्रहितका लागि काम गर्न सक्ने शक्तिका रूपमा यसलाई आशाको दृष्टिले हेरिरहेका छन् भने परिवर्तन नचाहने यथास्थितिवादीहरू सकभर यसलाई सुरुमै निमोठ्न चाहन्छन्। त्यसैको परिणाम पछिल्लोपटक नेकपालाई सार्वजनिक रूपमा खुल्ला सभासम्मेलन गर्न एकखालको अघोषित प्रतिबन्ध लगाइएको छ। नेकपाको उदाउँदो राजनीतिक शक्ति र प्रभावलाई प्रयोग गरेर कतिपयले आफ्नो फाइदा पनि लुटिरहेका छन्।

हाल नेकपाले देशव्यापी रूपमा जनजागरण अभियान सञ्चालन गरिरहेको छ । जसअन्तर्गत राजनीतिक वैचारिक प्रशिक्षण, स्कुलिङ, सङ्गठन निर्माण र सुदृढीकरण, जनसत्ता गठन-पुनर्गठन र विकास निर्माणका साथै जनकारबाहीहरू समेत गरिरहेको छ। नेकपाले अहिले नेपाली समाजको प्रमुख दुस्मन दलाल पुँजीवाद भएको निष्कर्षसहित त्यसका अङ्गहरूमा प्रहार गरिरहेको छ। अर्कोतिर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूमा अन्य कम्युनिस्ट पार्टीहरूबीच कार्यगत एकता गरेर अघि बढिरहेको छ । जसअनुसार यही चैत २१ गते मोहनविक्रम सिंह नेतृत्वको नेकपा (मसाल), मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबीच राष्ट्रियताका विषयमा संयुक्त कार्यक्रम तथा कार्यगत एकता गर्ने सहमतिसमेत भएको छ। यसैगरी नेकपाले सेना, प्रहरी, राष्ट्रियताका पक्षधर र राष्ट्रवादी शक्तिलाई राष्ट्रियता रक्षाका लागि एक हुन आह्वान गरेको छ।

सरकारले स्वदेशी उद्योगहरू बन्द गराउने, कौडीको मूल्यमा बेच्ने, स्वदेशी उत्पादनलाई प्रोत्साहन नगरी विदेशीहरूको भर पर्ने, राष्ट्रघाती सन्धिसम्झौताहरू गर्दै देशलाई विदेशी व्यापारको केन्द्र बनाएकोमा नेकपाले विरोध गरेको छ। सरकारले राष्ट्रिय उद्योगहरूको स्थापना र संरक्षण गरी बढ्दो युवा बेरोजगारीलाई घटाउने काम नगरी राष्ट्रलाई कङ्गाल बनाउने काम मात्र गरिरहेको छ । यस्तै सत्तामा विराजमान भएकाहरूले विदेशी प्रभुहरूको अगाडि लम्पसार पर्ने र एकपछि अर्को गर्दै राष्ट्रहितविपरीतका कार्यहरू गरिरहेका छन्। नेपाललाई प्रत्यक्ष नोक्सानी हुने गरी कोसी उच्च बाँध, अरुण तेस्रो र माथिल्लो कर्णाली परियोजनामा भारतलाई हालीमुहाली गर्न दिइएको छ। यस्तै नेपाल-भारत सीमा क्षेत्रमा भारतीय पक्षबाट बारम्बार भूमि अतिक्रमण र हस्तक्षेप हुने गरेको छ । भारतीय पक्षले नेपाली भूमिमा आएर जनतालाई दुःख दिने, आतङ्कित पार्ने, गोली हान्ने र निर्बाध भारतीय प्रहरी नेपाल पसेर पक्राउ गर्ने काम गर्दा पनि सरकारी अधिकारीहरू त्यसको कुनै प्रतिवाद गर्ने क्षमता राख्दैनन्। केही दिन पहिले मात्र युरोपेली युनियनले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर नेपालका विषयमा प्रतिवेदन जारी गर्दासमेत सरकारले विज्ञप्ति निकाल्नेबाहेक

बाँकी पृष्ठ ५ मा

## शिक्षकहरू गिरफ्तार







■ रातो खबर संवाददाता/काठमाडौं

राजनीतिक आस्थाकै आधारमा सुनसरीको धरानबाट विद्यालयमा कार्यरत शिक्षकहरूलाई प्रहरीले पक्राउ गरेको छ। श्रम विभागमा दर्ता भई शैक्षिक र पेसागत सुदृढीकरणमा लागेको अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय पदाधिकारीहरूलाई मङ्गलबार धरानस्थित हरियाली सामुदायिक बनको गेस्ट हाउसबाट प्रहरीले गिरफ्तार गरेको हो। अखिल नेपाल शिक्षक सङ्गठनको क्षेत्र नम्बर १ को बैठकमा गएको बेला सङ्गठनका केन्द्रीय उपाध्यक्षहरू लक्षीराम ढकाल, गणेश लिम्बू, महासचिव रमेश रूपाखेती, केन्द्रीय सदस्य युवराज गौतमलगायत १० जना पक्राउ परेका हुन् । अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष घनश्याम पाठकले प्रेसविज्ञप्ति जारी गर्दै पक्राउको विरोध र बिनासर्त रिहाइको माग गरेका छन्। पाठकले विज्ञप्तिमा भनेका छन्, 'शान्तिपूर्ण तरिकाले सङ्गठनको बैठकमा लागिरहेका शिक्षक नेताहरूलाई गरेको गिरफ्तारीको हाम्रो सङ्गठन विरोध गर्दछ ।' प्रशासनले शिक्षकलाई पक्राउ गरेको विषयलाई लिएर नेपालका अन्य शिक्षक सङ्गठनहरूले पनि विरोध गरेका छन्।






# वैज्ञानिक समाजवाद-साम्यवादको खोज

## देश/परिवेश

■ विप्लव



वैज्ञानिक समाजवाद-साम्यवाद राज्यव्यवस्था र मानवसभ्यता सन्बन्धमा गरिएको उन्नाईसौं शताब्दीको अभूतपूर्व खोज हो। जर्मनीमा जन्मिनुभएका कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले उन्नाईसौं शताब्दीको मध्यतिर पुँजीवादी सभ्यताको केन्द्र युरोपबाट यो सिद्धान्तको खोज गर्नुभयो। समाजमा पुँजीवादको उदय भएपछि पहिले नभएको सर्वहारा (मजदुर) वर्गको विकास तीव्र रूपमा भइरहेको थियो । राज्यभित्र सर्वहारावर्ग र मालिकवर्गका बीचमा सङ्घर्ष चर्किंदै गएको थियो। मालिकवर्गले एकदमै अमानवीय प्रकारले मजदुरवर्गमाथि शोषण-उत्पीडन लादिरहेको थियो भने सर्वहारावर्गले उत्पीडनको जुवाबाट आफूलाई मुक्त गर्न विद्रोहको ज्वाला दन्काइरहेको थियो। यो सङ्घर्षबाट चिन्तित एकथरी चिन्तकले वा 'काल्पनिक समाजवाद' को वा 'अराजकतावादी' वा 'प्रतिक्रियावादी समाजवाद' को परिकल्पना गरिरहेका थिए। यही नयाँ वर्ग-अन्तर्विरोध, वर्गसङ्घर्ष र वैज्ञानिक दृष्टिकोणको आवश्यकताको आधारभूमिमा मार्क्स-एङ्गेल्स सन् १८४३ देखि वैज्ञानिक साम्यवादी सिद्धान्तको अनुसन्धानमा प्रवेश गर्नुभयो । सन् १८४८ मा पुग्दा साम्यवादी व्यवस्थाको सुव्यवस्थित दृष्टिकोण 'कम्युनिस्ट घोषणापत्र' संश्लेषण गर्न सफल हुनुभयो । उहाँहरूले कम्युनिस्ट घोषणापत्र लेखिसकेपछि मानवसभ्यतामा वैज्ञानिक समाजवाद-साम्यवाद एक वैज्ञानिक दृष्टिकोणका रूपमा आधिकारिक र व्यवस्थित प्रकारले स्थापित हुन पुग्यो।

मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवादको अनुसन्धान गर्दा मुख्यतः समाजका तीन सङ्घटक क्षेत्रमा ध्यान केन्द्रित गर्नुभयो। उहाँहरूले त्यस बेलासम्म उपलब्ध दर्शन, अर्थशास्त्र र समाजवादको गहन अध्ययन-विश्लेषण गर्दै त्यसका समस्याहरूलाई हल गर्दै वैज्ञानिक साम्यवादी दर्शन, अर्थशास्त्र र समाजवादको धारणा प्रस्तुत गर्नुभयो । मार्क्स-एङ्गेल्सले वैज्ञानिक समाजवाद-साम्यवादबारे अनुसन्धान गर्नुभएका तीन सङ्घटक विषयहरू निम्न रहेका छन् :

क्रमशः पृष्ठ ४ मा

वर्ष ३, अङ्क ४४, पूर्णाङ्क १३९
रातो खबर साप्ताहिक

## सम्पादकीय

# लेनिन र योगदान

यही वैशाख ९ गते अर्थात् अप्रिल २२ मा उहाँको जन्मदिन हो र साथै नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवस पनि हो। विश्व कम्युनिस्ट आन्दोलनमा मात्र नभएर मार्क्सवादको प्रयोग र विकासमा अद्वितीय योगदान रहेको छ । त्यसैले लेनिन एक भव्य मानव हुनुहुन्छ । लेनिन सन् १८९२ देखि लिएर नमरुन्जेलसम्म आफ्नो जीवनको सम्पूर्ण समय कम्युनिस्ट क्रान्तिकारी सङ्घर्षमा लगाउनुभएका भ्लादिमिर इल्यिच लेनिन विश्व कम्युनिस्ट आन्दोलनका महान् गुरु हुनुहुन्छ । सन् १८७० अप्रिल २२ का दिन रुसको सिम्बिर्स्कमा जन्मनुभएका लेनिनले मार्क्सवादको सही प्रयोग मात्र गर्नुभएन, मार्क्सवादका ३ सङ्घटक अङ्गहरूमा विकास गरेर मार्क्सवाद-लेनिनवादको प्रतिपादन गर्नुभयो ।

लेनिनले क्रान्तिकारी कम्युनिस्ट पार्टीका बारेमा नै नयाँ अवधारणा निर्माण गर्नुभएको थियो । यस्तो खालको सङ्गठनात्मक पद्धतिलाई लेनिनवादी पद्धति भनिन्छ । त्यसलाई नयाँ ढङ्गको पार्टी पनि भनिन्छ । लेनिनको नेतृत्वमा अक्टोबर क्रान्ति भएको १ सय वर्षपछि यी कुराहरू गर्दा एकदमै पुरानो कुरा जस्तो लाग्दछ । तर अहिले पनि कैयौँ पार्टीहरूले सशस्त्र क्रान्ति सुरु गरेर विजयतिर लम्किँदै गर्दा हार बेहोर्ने गरेका पनि छन् । यसको मुख्य कारण मार्क्सवादलाई दह्रोसँग नपकड्नु र नयाँ विकास गर्न नसक्नु हो । लेनिनले आफ्नो पालामा कम्युनिस्ट आन्दोलनको कार्यभारलाई समाल्दै रुसी समाज र विश्वको अध्ययन मसिनो गरी गर्नुभयो । उहाँले आविष्कार गरेका कैयौँ विषयहरूमध्ये कम्युनिस्ट पार्टीको साङ्गठनिक पद्धति हो । अहिलेसम्म लेनिनवादी सङ्गठनात्मक पद्धतिभन्दा नयाँ र वैज्ञानिक पद्धतिको विकास भएको छैन । त्यसैले लेनिनको सङ्गठनात्मक पद्धतिको खोज पनि एउटा महत्वपूर्ण योगदान हो ।

लेनिनले मार्क्सपछि अर्थशास्त्रमा नयाँ खोज गर्नुभयो । एकाधिकार पुँजीवादको व्याख्या गर्नुभयो । राजनीतिलाई अर्थतन्त्रको केन्द्रीय अभिव्यक्तिका रूपमा परिभाषित गर्नुभयो । साम्राज्यवादीहरूले आफ्नो सङ्कट र अन्तरविरोधलाई हल गर्न एकाधिकार पुँजीवादी नीति अवलम्बन गर्न पुगेका थिए । जसलाई लेनिनले सन् १९०० देखि प्रतिस्पर्धात्मक पुँजीवाद एकाधिकार पुँजीवादमा बदलिएको विश्लेषण गर्नुभयो । त्यसको १० वर्षपछि लेनिनले साम्राज्यवादबारे खोज गर्नुभयो । उहाँले 'साम्राज्यवाद भनेको पुँजीवादको विकसित र मरणासन्न अवस्था' रहेको पत्ता लगाउनुभयो । साम्राज्यवादको वास्तविक चरित्र बुझ्न सकेका कारण रुसमा समाजवादी क्रान्ति सफल हुन सकेको थियो । अहिले पनि विश्वको उत्पीडनको आधार साम्राज्यवादी नै रहेको छ । तर लेनिनले खोजेको साम्राज्यवादी चरित्रमा केही थप भएको छ ।

लेनिनभन्दा अघि क्रान्ति गर्ने पार्टीको सङ्गठनात्मक अवस्था कस्तो हुन्छ भन्नेबारेमा खासै धारणा तय भएको थिएन । लेनिनले नयाँ ढङ्गको पार्टी निर्माणको अवधारणा ल्याउनुभयो । त्यस अवधारणालाई लेनिनवादी सङ्गठनपद्धति भन्ने गरिएको छ । अहिलेसम्म सबै क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले यसै पद्धतिलाई पछ्याइरहेका छन् ।

लेनिनले उहाँकै शब्दमा अर्थोडक्स मार्क्सवादीहरूका विरुद्धमा एउटा किताब नै तयार पार्नुभयो- भौतिकवाद र अनुभवसिद्ध आलोचना । यो विशुद्ध आलोचना मात्र नभएर द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा थप विकास पनि हो ।

१८७१ मा केवल ७२ दिन मात्र टिकेको पेरिस कम्युनले वैज्ञानिक समाजवादको व्यावहारिक पुष्टि भएको थियो । तर मार्क्सको समयभन्दा लेनिनको समयमा केही परिवर्तन भैसकेको थियो । त्यसैले लेनिनले क्रान्तिको नयाँ बाटो खोज्नुभयो- अक्टोबर क्रान्ति । उहाँको विचारअनुसार क्रान्ति सफल मात्र भएन, समाजवादी नीतिमा आधारित पहिलो राज्यव्यवस्था नै स्थापना भयो ।

लेनिनले अन्तर्राष्ट्रियतावादको पनि व्यावहारिक अभ्यास गर्न तेस्रो अन्तर्राष्ट्रियको कार्यक्रमलाई अगाडि बढाउनुभयो । त्यसैले लेनिनको समयदेखि समाजवादी आन्दोलन सुदृढ हुँदै गएको थियो । त्यसैले विश्वको एकतिहाइ भूभागमा समाजवादी क्रान्ति पनि सफल भएको थियो । उहाँले अन्तर्राष्ट्रवाद र सर्वहारा अधिनायकत्वको विकास र कार्यान्वयन गर्नुभयो । लेनिनका यिनै योगदानहरूले विश्वका सर्वहाराहरूले उहाँलाई सम्झिरहेका छन् । त्यसमा पनि सच्चा मार्क्सवादीहरूले उहाँलाई सम्झिने मात्र होइन, उहाँले प्रतिपादन गरेका वैचारिक पक्षहरूलाई आत्मसात गर्न जरुरी छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# वर्ष २०७५ को शुभकामना !



सन्तोष बुढामगर

वर्ष २०७४ हामीबाट बिदा भएर नव वर्ष २०७५ को आगमन भएको छ । आउनेलाई स्वागत र जानेलाई बिदाइ मानवीय संस्कार हो । कुनै बिदाइहरू दुःखद् र वियोगान्त हुन्छन् । हरेक आगमनहरू खुसीयुक्त र रमाइलो अनुभूति हुन्छन् । यो पनि मानवीय स्वभाव र संस्कार हो । तर राम्रो-नराम्रो जे होस् हरेक पुरानोको जगमा नयाँ उभिएको हुन्छ । हरेक पुराना घटनाहरू नयाँको इतिहास बनेर नयाँमा संश्लेषण भएका हुन्छन् । त्यसैले हरेक पुरानो र नयाँको कुल योगफलको सार नै नयाँ निष्कर्ष बनेको हुन्छ । यो निष्कर्ष नयाँ र पुरानाको एकीकृत रूप हो । त्यसैले हरेक नयाँ पुरानोको विकसित वा एकीकृत रूप हो । नयाँ वर्षलाई पनि यसरी हेर्न सकिन्छ । नयाँ वर्षलाई हाम्रो बोलीचालीको भाषामा '२०७४ लाई बिदाइ र २०७५ लाई स्वागत (Bye 2074 and Welcome 2075)' भन्न सकिन्छ । यसको कुल सार वा एकीकृत रूप "HAPPY NEW YEAR" हो । यसलाई 'नव वर्ष २०७५ को हार्दिक शुभकामना' भनिन्छ ।

नयाँ वर्षलाई हरेकले आआफ्नो कोण र दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्छन्, यो स्वाभाविक छ । राजनीतिक दृष्टिकोणबाट गएको वर्ष २०७४ लाई चियाउने हो । यो वर्ष धेरै महत्वपूर्ण वर्ष रह्यो । वर्षका ३६५ दिनहरू सबै विशेष महत्वका हुँदैनन् तर वर्षका केही महत्वपूर्ण दिनहरूले वर्षको नेतृत्व गरिरहेका हुन्छन् । यसमा स्थानीय चुनाव, प्रदेश र सङ्घीय चुनावको नाममा गरिएका प्रतिक्रियावादी चुनाव र त्यसको नेकपाद्वारा गरिएको चुनाव खारेज अभियान तथा त्यसले ल्याएको परिणामहरू त्यसमा साम्राज्यवादको चलखेल राजनीतिक दलहरूको दलालीकरण र आत्मसमर्पण विशेष महत्वका घटनाक्रमका रूपमा दर्ज छन् ।

यो वर्षभरी दुई तीन चरणका प्रतिक्रियावादी चुनाव नै विशेष चर्चाको बिषय रह्यो । त्यो चर्चा परिचर्चा अझै सेलाएको छैन । यी घटनाक्रमहरूले कम्युनिस्टहरूलाई चर्चामा ल्याई दियो । एकातिर नकारात्मक हिसावले माके त्यसमा पनि प्रचण्ड नै विशेष चर्चामा रह्यो । त्यो यस कारणले कि कांग्रेस एण्ड प्रचण्ड कम्पनी सरकारको तर्फबाट प्रचण्डले स्थानीय चुनावको घोषणा गर्‍यो । स्थानीय चुनावमा प्रचण्डले नेपाली कांग्रेससँग मिलेर चुनाव लड्यो । छोरी रेणु दाहाललाई धाँधलीपूर्ण ढंगले भरतपुर चितवन उपमहानगरपालिकाको मेयरमा बिजय घोषणा गराए । कथित प्रदेश र सङ्घीय चुनावमा वाम गठबन्धनका नाममा एमालेसँग मिलेर केही अतिरिक्त सिट जित्न सफल भए । प्रचण्डपुत्र प्रकाश दहालको रहस्यमय मृत्यु, एमालेसँगको पार्टीएकता, माकेमा आएको अन्तरविरोध र विग्रह, कार्यकर्तामा आएको तीव्र असन्तुष्टि र विद्रोह र यसलाई रोक्न विप्लव नेतृत्वको नेकपालाई तह लगाउने, दमन र आतङ्कको वातावरण बनाउने, २५/३० जनालाई इन्काउन्टर गर्ने र नेताहरुलाई समातेर गोन्जालो बनाउनेजस्ता बिषयहरूका कारण प्रचण्ड नेगेटिभ चर्चामा रहे । दोस्रो, हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीको चुनाव खारेज अभियान र यसले मच्चाएको हलचल, चुनावी परिणाममा पारेको प्रभाव, देशमा राष्ट्रियता तथा जनताका पक्षमा र साम्राज्यवाद र संसदीय व्यवस्थाका विरुद्ध एक्लै उभिएर यसको प्रतिरोध गर्नु, साम्राज्यवाद, संसद्वाद, सबै प्रकारका षड्यन्त्र र हथकण्डाका विरुद्ध दह्रोसँग प्रतिरोध र मुकाबिला गर्नु आदिका कारण हाम्रो पार्टी र क्रान्तिकारी गतिविधि विशेष चर्चामा रहे ।

यी घटनाक्रमहरूका बीच हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी यतिबेला नेपालको एक मात्र एउटा क्रान्तिकारी पार्टी र वैकल्पिक शक्तिमा स्थापित हुन पुगेको छ । यो राजनीतिक उपलब्धि वर्षको सबैभन्दा ठूलो देन हो । गएको २०७३ लाई बिदाइ दिँदा हामीले वर्षभरिको काम कार्यहरूको उत्कर्ष र कुल योगफलका रूपमा नेकपाको आठौँ महाधिवेशन सम्पन्न गरेका थियौँ र त्यसले वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा एउटा सर्वहारा वर्ग अर्थात् कम्युनिस्ट पार्टीलाई एउटा शक्तिशाली हतियार दिएको थियो । जो सर्बहारा क्रान्तिका लागि दीर्घकालिक र तात्कालिक हिसाबले अति महत्वपूर्ण छ । हामीले त्यो वर्षलाई एउटा खुसी र उमङ्गका साथ विशेष धन्यवादसहित बिदाइ गरेका थियौँ र २०७४ लाई नववर्षको शुभकामनासहित स्वागत गरेका थियौँ । जब २०७४ को आगमन भयो, प्रतिक्रियावादीहरू हाम्रो त्यो वैचारिक हतियारलाई भुत्ते पार्न वा ओझेल पार्न आफ्नो जानेमानेको थोत्रो चुनावी हतियारसहित मैदानमा उत्रे । नेपाली भूमि संसद्वादी र क्रान्तिकारीहरूका लागि चुनावी रणमैदानमा बदलियो । यसमा नेपालका आफ्ना दलालहरूलाई जिताउन र सत्तामा स्थापित गर्न साम्राज्यवादी शक्तिहरू धोती कसेर लागे । पैसाको खोलो बगाए । राष्ट्रको रक्षाका लागि खटाइएको नेपाली सेनालाई समेत चुनाव र बुथको सुरक्षामा खटाए । एकातिर विदेशी साम्राज्यवादी शक्ति र सबैखाले संसद्वादी शक्तिहरू, सुरक्षा पङ्क्तिमा खटिएका जनपद र सशस्त्र प्रहरी तथा नेपाली सेनाले नपुगेर झन्डै एक लाखको सङ्ख्यामा म्यादी प्रहरी खटिए । दुवैतर्फ घमासान भयो । वर्गसङ्घर्षको एउटा नयाँ रूप चुनाव बन्यो । उनीहरूले पनि सबै अस्त्रहरू प्रयोग गरे । क्रान्तिकारीहरूले पनि ब्रह्मास्त्रबाहेक सबै अस्त्र प्रयोग गरे । स्थानीय चुनाव र प्रदेश तथा सङ्घीय संसद्को चुनावका सबै चरणका चुनावहरूमा क्रान्तिकारीहरूले नवनिर्मित एकीकृत जनक्रान्तिको परीक्षण गर्ने अवसर पाए । विभिन्न रूपबाट प्रयोग गरिएका नमुना प्रयोगहरूमध्ये धेरै ठाउँमा यो सफल भयो र एकीकृत जनक्रान्तिको कार्यदिशाको सानो मोडेल वैज्ञानिक साबित हुन पुग्यो । यसलाई नेकपाले महाधिवेशनबाट तयार पारिएको हतियारको परीक्षण र प्रयोगका रूपमा लिएको छ र त्यो सफलतापूर्वक सफल भएको निष्कर्ष निकालेको छ । क. [illegible] गुरु भनेझैँ जनयुद्धको नकारात्मक गुरु गिरिजा बन्यो । अबको एकीकृत जनक्रान्तिको नकारात्मक गुरु प्रचण्ड बन्दैछ । उनले कार्यदिशाको प्रारम्भिक प्रयोग गर्ने अवसर दिएर एउटा सानो मोडेलको परीक्षण सफल गर्ने मौका दिएकोमा धन्यवाद दिनैपर्छ । पहिलो चरणको निर्वाचनमा भएका कतिपय असफल प्रयोगहरूलाई दोस्रो चरणको निर्वाचनमा आएर सच्याउने मौका पनि प्राप्त भएको छ र सानदार सफलता पनि प्राप्त गरेको छ । यसले वर्गसङ्घर्ष र अन्तरसङ्घर्षलाई पनि सतहमा ल्याइदिएको छ । संशोधनवादलाई नाङ्गेझार पार्दै एमालेमा पतन हुन बाध्य पारेको छ । यति मात्र होइन, अब उनीहरूको असली अनुहार अब नवप्रतिक्रियावादमा उदाङ्गो गराउन पनि धेरै समय कुर्नुपर्ने छैन । यसलाई हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीले 'सामाजिक दलाल पुँजीवाद' को संश्लेषणका रूपमा संश्लेषण गरेको छ । यो यस वर्षको महत्वपूर्ण उपलब्धि हो । यसरी विचार, वर्गसङ्घर्ष, अन्तरसङ्घर्ष, सङ्गठन, कार्यदिशाको प्रयोग र अन्य महत्वपूर्ण क्षेत्रमा भएका उपलब्धिहरू यो वर्षका महत्वपूर्ण देन हुन् ।

यो वर्ष नेपाली जनताले पटकपटक भोट हाले । एकथरी जनताले भोट हालेनन् । एकथरीले सेना र पुलिसको घेराभित्र मन नलागीनलागी भय र सन्त्रासका बीच भोट हाले । बीसौँ लाख जनताले भोट हालेनन् भने अर्को बीस लाखभन्दा बढीले भोट रद्द गरिफाले । यो नेपाली जनताको संसदीय व्यवस्थाप्रतिको घृणा र तिरस्कार हो । अहिले भोट दिएका जनता पनि पछुतोमा छन् । भोट हालियो बेकार भयो भन्नेमा छन् । यो नयाँ हतियारको प्रयोगको सफलता हो ।

अर्को महत्वपूर्ण उपलब्धि भनेको नेपाली जनताले कम्युनिस्ट खोल ओढेका ब्वाँसाहरूलाई सजिलै चिन्ने मौका पाए । के मानेमा यो अझ अर्थपूर्ण छ भने नेपालमा दलाल पुँजीवादको आगमन भएको कुरा त हामीले तीन वर्ष अगाडि राष्ट्रिय सम्मेलनबाट घोषणा गरेका थियौँ र कुनै दिन एक चरण नेपाली क्रान्तिमा नेपाली जनताले संशोधनवादको चुनौती पनि बेहोर्नुपर्ने छ भनेर संश्लेषण पनि गरेका थियौँ तर दिन यति छिट्टै आउँछ भन्नेमा सायद कमैले सोचेका होलान् । नेपालमा नेपाली क्रान्तिका दुस्मनका रूपमा 'सामाजिक दलाल पुँजीवाद' सतहमा आएको छ, यो अर्को खुसीको कुरा हो ।

> दस वर्षसम्म सञ्चालित जनयुद्धका अपूरा कार्यहरु सम्पन्न गर्ने कुरा बाँकी नै छन् । सहिदका सपनाहरु अधुरा नै छन् । बेपत्ता योद्धाहरुको लास र सासको अझै अत्तोपत्तो छैन । जनयुद्धका घाइतेहरुका घाउहरु अझै आलै छन्, भित्रभित्र दुखिरहेको छ । क्यान्टोनमेन्टमा बन्दी बनाई अलपत्र पारिएका पूर्वजनमुक्ति सेनाहरु मौकाको पर्खाइमा छन् ।

सबैलाई थाहा छ, नेपालमा कम्युनिस्ट खोलाभित्र बसेका सामन्त र पुँजीवादी तत्वहरूले नेपाली कम्युनिस्ट आन्दोलनलाई ध्वस्त बनाए । यसले नेपाली क्रान्तिलाई ठूलो क्षति पुर्‍याउँदै आएको छ । जनतालाई नक्कली र सक्कली माल छुट्याउन गाह्रो पर्दै आएको छ । कम्युनिस्टहरू नक्कली कम्युनिस्ट वा पुँजीवादी, बुर्जुवा कम्युनिस्टहरूलाई संशोधनवाद भन्ने गर्दछन् । नेपालमा विभिन्न रूपरङका संशोधनवादीहरू क्रियाशील छन् । अहिले ती संशोधनवादी समूहहरूको पनि ध्रुवीकरण भैरहेको छ । यो मुख्यतः एमाले-माके एकतामा देखापरेको छ । अहिले यी कथित वाम गठबन्धनका नाममा देखापरेका छन् । संशोधनवादको ठेट नेपाली अर्थ 'बिग्रेका, भत्केका, विचलन भएका नामधारी नक्कली कम्युनिस्ट विचार' भन्ने बुझिन्छ । यो बिचार अँगाल्नेहरू नै संशोधनवादी कम्युनिस्ट हुन् । नेपालमा आउँदा यिनीहरूको चरित्र घोर दलाल र आत्मसमर्पणवादमा देखापरेको छ । फेरि पनि कम्युनिस्टको झन्डा बोक्न र कम्युनिस्ट ब्यानर छाडेका छैनन् । दलाल पुँजीवादी राज्यसत्ताको रक्षाकवचका रूपमा अहिले यिनीहरू संसद्वादका आधुनिक संस्करणका रूपमा उदाएका यी कम्युनिस्टहरू कम्युनिस्टका नाममा पुँजीवादको व्यापार गरिरहेका छन् । कथित समाजवादको नारा दिएर जनतालाई केही समय भ्रम दिन उनीहरू सङ्गठित रूपले आएका छन् । यसैले यिनलाई सुहाउँदो राजनीतिक पदावली राखेर 'सामाजिक दलाल पुँजीवाद' भनेर जात खुट्याइदिएको छ नेपाल कम्युनिस्ट पार्टीले । नेपाली जनता र परिवर्तनकामी देशभक्त-राष्ट्रवादी नेपालीहरूले बेलैमा पहिचान गरेर नेपाली राजनीतिमा धुमाल्ने यो तत्वलाई जनताको अगाडि नाङ्गेझार बनाउनु पर्ने छ । यो पहिचान यसै वर्ष हुनुलाई पनि एक महत्वपूर्ण आयाम मान्नु पर्दछ । यो यस वर्षको महत्वपूर्ण उपलब्धि हो । यो संश्लेषण दुईतीन चरणको चुनावी वर्गसङ्घर्ष बीचबाट भएको छ । यसले पार्टी महाधिवेशनले नयाँ वर्गविश्लेषण गरेअनुसारको वर्गसङ्घर्षमा भएको प्रयोगले साङ्केतिक रूपमा नेपालमा जनताका दुस्मन र मित्र शक्तिहरू नयाँ ढङ्गले विकास भएको कुरालाई जनतासामु स्पष्ट पारेको छ । उनीहरूका नयाँ दमन शैली र पात्रहरू पनि सतहमा आएका छन् । साम्राज्यवादले पालैपालो नयाँ-नयाँ दलालहरूलाई एक्सपोज गरिरहेको छ । खोलभित्र लुकेका जनताका दुस्मनहरू पालैपालो सत्तामा आउने र दमन गरेर फासिवादी अनुहार प्रदर्शन गर्ने काम जारी छ । पछिल्लो चरणमा तुलनात्मक रूपले उदार मानिने हालका गृहमन्त्री रामबहादुर थापा (बादल) लाई एक्सपोज गर्ने अभ्यासमा छन् । हालका गृहमन्त्री रामबहादुर थापाले पनि यही कुरा दोहर्‍याए र साम्राज्यवादको निर्देशनमा विप्लवलाई तीन महिनाभित्र दमन गर्न नसके २५/३० जनालाई इन्काउन्टर गर्ने, ५०/६० जनालाई गोन्जालो बनाएर विप्लव नेतृत्वको पार्टीलाई तह लगाउने र क्रान्ति दबाउने काममा गरे भने यो उनीहरुकै लागि आत्मघाती कदम हुनेछ । उहाँ असफल भएमा आफूले एक महिनाभित्र ठीक गर्ने गुरुयोजना भएको भन्दै गृहमन्त्री मागिरहेका वर्षमान पुनलाई गृह दिने हल्ला प्रचण्डको योजना उनकै प्रियपात्रहरूबाट भई नै रहेको छ । यसले नेपालमा नयाँ वर्गसङ्घर्षको सङ्केत पनि गर्दछ । सायद नयाँ जोगीले बढी खरानी घस्ने कुरा अन्यथा मान्न सकिँदैन । छिट्टै उनीहरू दमनमा आउने कुराको यो पूर्वसङ्केत पनि हो । यी कुराहरूले वर्गसङ्घर्षमा आगामी दिनहरू कस्ता रहलान् भन्ने सामान्य आँकलन गर्न सकिन्छ । यस हिसाबले माथि भनेझैँ पछिल्ला दिनहरू कस्ता होलान् भन्ने कुराको सङ्केत अघिल्ला दिनहरूले पनि गरिरहेका हुन्छन् । यस अर्थमा हरेक नयाँ पुरानोको जगमा उभिएको हुन्छ भनेको हो ।

यसरी केही नयाँ संश्लेषण र धाराहरूसहित वर्ष २०७४ बिदा भएको छ र बाँकी अधुरा कार्यभारहरू २०७५ साललाई सुम्पेर गएको छ । वर्ष २०७४ को अन्त्यतिर प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणले ठूलठूला राष्ट्रघाती कदमहरू चाल्ने सङ्केत दिएको छ । वर्ष २०७४ ले प्रचण्ड, देउवा र केपी तीनजना प्रधानमन्त्री फेरेको छ । वर्षको अन्तिम प्रम केपी ओलीको कुर्सीमा आगमन भएको छ । केपी ओली प्रधानमन्त्रीको कुर्सीमा बसेको साता दिन नपुग्दै एक नेपाल बन्द खाएको छ र पुतला जलेको छ । उनका विरुद्ध देशैभर मशालजुलुस बलेको छ । यो राम्रो सङ्केत अवश्य होइन । विराटनगरमा राष्ट्रिय युवा जनस्वयम्सेवकको राष्ट्रिय सम्मेलनको खुला कार्यक्रममाथिको दमन, पार्टी स्थायी समिति सदस्य सुदर्शन र पीबीएम तथा केन्द्रीय जनपरिषद् नेपालका उपप्रमुख पदम राईलगायत सयौँको गिरफ्तारी, पार्टी महासचिव क. विप्लव, प्रवक्ता क. प्रकाण्ड र स्थायी समिति सदस्य क. कञ्चनलगायत कमरेडहरूमाथिको झूट्ठा मुद्दा र म्याद टाँस, पूर्वमा कोसी ब्युरो इन्चार्ज तथा पार्टी केन्द्रीय सदस्य किरण राईसहितका आधा दर्जनभन्दा बढी जिम्मेवार कमरेडहरूलाई कोसी ब्युरोको बैठकबाट गिरफ्तार गरी अझै हिरासतमै राखेको र देशैभरि गिरफ्तारी र धरपकडले केपी ओलीको सरकार काङ्ग्रेसभन्दा अझै फासिवादी देखापर्नुले 'नहुने बिरुवाको फुस्रो पात' भन्ने देखाइसकेको छ । प्रचण्डहरूको इन्काउटरको योजनाले अझ परिस्थितिलाई कता लैजान्छ भन्नै कुरा भबिष्यको गर्भमा छ । केपी ओली, प्रचण्ड र शेरधन राईहरूमाथि जनअदालतमा परेको मुद्दा र म्याद टाँस पनि त्यत्तिकै खेलाँची पक्कै होइन होला । यस्तै अपरकर्णाली, अरुण तेस्रो, अपर मर्स्याङ्दी, उच्च कोसी बाँध, महाकाली पञ्चेश्वर परियोजना, हुलाकी राजमार्ग, नेपाल भारत सीमा क्षेत्रमा भारतले एकतर्फी ढङ्गले निर्माण गरिरहेका बाँधहरू र यसअघि नेपाल-भारतबीच भएका राष्ट्रघाती सन्धिसम्झौताहरूको कार्यान्वयनजस्ता कुराहरूले राष्ट्रियता र जनतन्त्रमाथि भइरहेको भारतीय साम्राज्यवादी हस्तक्षेप, चुनावपछि आधा दर्जन बढीपटक भएका पेट्रोलियम पदार्थको मूल्यबृद्धि, बजार भाउमा मनपरीजस्ता समस्याहरू र त्यसको विरोधमा हुने राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकालगायत समस्याहरूका विरुद्ध हुने आन्दोलन र सङ्घर्षहरू केकस्ता होलान् भन्ने कुरा पनि भबिष्यकै गर्भमा छन् । यी कुराहरूले नव वर्ष २०७५ सङ्घर्षमय र परिवर्तनका लागि गरिने आन्दोलनका दृष्टिले महत्वपूर्ण वर्ष हुनेछ ।

अन्त्यमा दस वर्षसम्म सञ्चालित जनयुद्धका अपूरा कार्यहरू सम्पन्न गर्ने कुरा बाँकी नै छन् । सहिदका सपनाहरू अधुरा नै छन् । बेपत्ता योद्धाहरूको लास र सासको अझै अत्तोपत्तो छैन । जनयुद्धका घाइतेहरूका घाउहरू अझै आलै छन्, भित्रभित्र दुखिरहेको छ । क्यान्टोनमेन्टमा बन्दी बनाई अलपत्र पारिएका पूर्वजनमुक्ति सेनाहरू मौकाको पर्खाइमा छन् । पार्टीका क्रान्तिकारीहरू पर्टीभित्र र बाहिरका दुस्मनसंग निरन्तर सङ्घर्ष गर्दै अहिले नेपाली क्रान्तिको नेतृत्व गर्ने वैकल्पिक शक्तिमा उदाएका छन् । जनता क्रान्तिको आशामा तड्पिरहेको छ । दलालहरूको राष्ट्रघाती कदम र बाह्य हस्तक्षेप अझ बढ्दो छ । महँगी आकासिँदो छ । यी घटनाक्रमहरूले अब देशभक्त-राष्ट्रप्रेमी नेपाली र परिवर्तनकामी नेपालीहरूबीच बलियो एकताको खाँचो रहेको प्रस्ट गर्दछ । यसबेला पनि कोही नेपाली यसलाई टुलुटुलु हेरेर बस्छ भने त्यो नेपाल आमाको कुलङ्गार सन्तान हो । वर्ष २०७५ ले सबै क्रान्तिकारी, परिवर्तनकामी, देशप्रमी, न्यायप्रेमी सबैमा दरिलो एकताको भाव पैदा गरोस् र बाह्य हस्तक्षेपका विरुद्ध एक हुने प्रेरणा प्रदान गरोस् । शत्रुको क्षय होस्, मित्रको जय होस्, सबै नेपालीहरूमा भ्रातृत्वको भावनाको विकास होस् । यही शुभकामना नववर्ष २०७५ का उपलक्ष्यमा व्यक्त गर्दछु ।

# ओलीको तरिका पनि महेन्द्रको भन्दा फरक छैन



**आनन्दस्वरूप बर्मा**
*वरिष्ठ भारतीय पत्रकार तथा वामपन्थी लेखक*

***आनन्दस्वरूप भारतीय पत्रकार हुन् । उनी नेपालको राजनीतिक परिघटनाका बारेमा जानकारी राख्दछन् । त्यसमा पनि नेपालको वामपन्थी आन्दोलनलाई नजिकबाट नियालिराखेका छन् । केपी ओलीको भारत भ्रमण र नेपालको पछिल्लो राजनीतिक परिघटनालाई लिएर रातो खबरका निर्देशक गुणराज लोहनीले लिएको अन्तर्वार्ताको मुख्य अंश यहाँ प्रस्तुत गरिएको छ- सम्पादक***

➲ ***हालै केपी ओलीको भारत भ्रमण भएको छ । ओलीको भारत भ्रमणपछि नेपाल र भारतको सम्बन्ध कस्तो रहन्छ ?***

यो प्रश्नको जबाप लामो हुन्छ । केपी शर्मा ओलीको भारत भ्रमण भयो । यो एकदम महत्वपूर्ण छ । महत्वपूर्ण कुन अर्थमा भने जब नेपालमा नाकाबन्दी भयो त्यसयता नेपाल-भारत सम्बन्ध निकै नै बिग्रेको थियो । त्यसपछि भारतीय सत्ता पक्षले नेपाल भारतको सम्बन्ध बिग्रिनुमा केपी ओली दोषी छन् भन्ने देखेको छा ओलीले चीनसँग सम्बन्ध विस्तार गरेका कारण नेपाल-भारत सम्बन्धमा तिक्तता आयो । दोस्रो, भारतीय सत्ताधारीहरूको आरोप यो पनि थियो- ओलीले नेपालमा एउटा कस्तो राष्ट्रवाद पैदा गरे भने त्यो भारतको विरोधमा उत्रियो । सबै जनता भारतविरोधी भए । त्यो राष्ट्रवाद जो भारतको बिरुद्ध थियो त्यसको जगमा टेकेर ओलीले सफलता प्राप्त गरे । जब ओलीको सरकार ढाल्न प्रचण्डले भूमिका निर्वाह गरेका थिए त्यसको पछाडि भारतीय र नेपाली राजनीतिज्ञ तथा जनताले के सोचे भने प्रचण्डले भारतको दबाबमा सरकार ढाले । यसरी अनौठो तरिकाले फेरबदल आयो । प्रचण्ड भारतविरोधी मानिन्थे । आज उनी भारत समर्थक मानिन थाले । ओली भारतका समर्थक मानिन्थे । आज भारतविरोधीका रूपमा चिनिन्छन् । यस्तो जटिल परिस्थितिमा ओलीको भारत भ्रमण भयो । कस्तो लाग्थ्यो भने प्रधानमन्त्री मोदी आफैं विमानस्थल जान्छन् तर त्यस्तो भएन । ओलीको स्वागत गृहमन्त्री राजनाथ सिंहले गरे । देखावटी रूपमा उच्च सम्मान गरेजस्तो गरी राम्रो खुवाए । बस्ने व्यवस्था मिलाइयो तर ओलीका विदेशमन्त्री प्रदीप ज्ञवाली थिए । उनको अन्तर्वार्ता नेपालका मिडियामा छापियो । त्यसमा केही महत्वपूर्ण कुरा थिए : १. अब नेपाल-भारत सम्बन्ध पुनःपरिभाषित गर्न जरुरी छ । दोस्रो, भारत सहयोगी देश हो र नेपाल सहयोग लिने देश हो । तेस्रो, विगतमा हामीले जे गर्‍यौं, ठीक गर्‍यौं । विशेषगरी भारतले नेपालमा नाकाबन्दी गरेको बेला । हाम्रा लाखौं नेपाली भारतमा रोजगारी गर्दछन् । उनीहरू करोडौं पैसा नेपाल पठाउँछन् । त्यसकारण भारत देनदार देश हो र हामी लेनदार देश हौं । यसरी नेपाल आज एसल्ट (आक्रामक) बन्दै छ कि नेपाल सार्वभौम देश हो । यो कुराले भरतीय शासक वर्गमा त्रास पैदा गर्‍यो । त्योभन्दा पनि जब एमाले-माओवादी केन्द्रका बीचमा चुनावी मोर्चा भयो । त्यसले भारतीय शासक वर्ग सत्तापक्ष त्रसित भयो तर हामी के देख्छौं भने वाम गठबन्धन छ जसले चुनावी मोर्चाभन्दा बढी केही गर्न सक्दैन । नेपाली जनतालाई पनि यी पार्टीले केही गर्दैनन् भन्ने बुझेका छन् तर भारतजस्तो देश जहाँ हिन्दु धर्मको राजनीति चलेको छ त्यस्तो देशमा नाम मात्रैको वामपन्थी सरकारमा आए पनि हैरानी बन्छ नै । भारतलाई (सत्ताधारी) हैरानी यो नाम मात्रैले सरकार र पार्टी एकताले मात्र हो । जहाँसम्म नेपाल-भारत सम्बन्ध कस्तो रहन्छ भन्ने प्रश्न छ ओलीको भारत भ्रमणले केही नयाँ सम्झौता गरेको छैन । जहाँसम्म कुरा छ पुराना सन्धिहरूलाई चालू गर्ने । त्यसबाहेक नयाँ सम्झौता भएका छैनन् । भारतको रक्सौलबाट वीरगन्जसम्म रेल ल्याउने कुरा छ त्यो हावा कुरा हो ।

➲ ***विगतमा नेपालका प्रधानमन्त्री भारत गएर जे गर्ने गर्दथे त्योभन्दा केही नयाँ त भएकै छ नि ?***

केपी शर्मा ओल्को पहिलो भारत भ्रमणको बेला भारतले गलमभचनचयगलम जस्तै राखेको थियो यद्यपि अहिले भ्रमणमा केही तडकभडक दखाइयो । तर सारमा केही पनि फरक छैन विगतभन्दा । जसले रूपमा परिवर्तन आओस् । गुणात्मक परिवर्तन आउने केही नयाँ चीज भएको छैन ।

➲ ***प्रधानमन्त्री ओलीले २०७४ साल चैत २० गते नेपालको संसद्मा देशका नाममा सम्बोधन गरेको कुरालाई तपाईं के भन्नुहुन्छ ?***

ओलीले भारत भ्रमणपूर्व अब नेपाल विकासको मुहान फुटाउने कुरा गरे त्यो कुरा नेपाल फर्केपछि कहीँ, कतै पनि गरेका छैनन् । त्यो मात्रै होइन, माथिल्लो कर्णाली विवाद थियो जस्ताको तस्तै रहन्छ । पञ्चेश्वरका विषयमा पनि कुरा उठेन । उनको भारत भ्रमणको बेला नेपाल-भारतको बीचमा जुन सीमा विवाद थियो त्यस विषयमा पनि केही कुरा भएन । मेरो व्यक्रिगत बुझाइ के थियो भने मुख्यमुख्य विवादित ठाउँ लिपुलेक, कालापानी र सुस्ता जो नवलपरासीमा पर्दछन् त्यस विषयमा पनि केही कुरा भएन । यद्यपि नेपाल भारतको बीचमा धेरे ठाउँमा सीमा विवाद छ । गत वर्ष दोकलाम विवाद भयो । यस्तो परिस्थितिमा पनि त्रिदेशीय नाका विषयमा ओलीजीले उठाएनन् । यसरी प्रदीप ज्ञवालीको विज्ञप्ति खोक्रो साबित भयो । ओलीले कालापानी, सुस्ताको कुरा उठाएनन् किनभने यो विषय उठाउँदा भारत रुष्ट हुन्छ । प्रदीप ज्ञवालीको विज्ञप्ति जसले नेपालको हित हुने कुरा दमदार रूपमा उठाउने कुरा थियो त्यो कुरा ओलीले नउठाएपछि ज्ञवालीको विज्ञप्तिले हावा खायो । यसरी चीनको बोली र व्यवहारमा अन्तरविरोध देखिन्छ । ओलीको लोकप्रियता नाकाबन्दीको समयमा अडान लिएको कारणले नै भएको थियो । तर उनले आफ्नो असली अनुहार खुलस्त पारे- नाराअनुसार नै ओलीलाई मान्ने हो भने दोकलाम विवाद उठिरहेको बेलामा कालापानी र सुस्ताका बारेमा बोल्नुपर्थ्यो ।

➲ ***अरुण-३ को शिलान्यास भारतबाटै गर्ने भन्ने थियो तर अन्तिममा गरिएन । किन होला ?***

त्यस विषयमा म जानकार छैन । म पत्रकार भएको कारणले न नेपाली संस्थापन, न त भारतको संस्थापन, दुवैले विश्वास गर्दैनन् । हामी शाश्वत् रूपमा नै विद्रोही पर्‍यौं । पहिलेपहिले नेपाली दूतावासले भोजमा बोलाउने गर्दथ्यो । यसपालि भने बोलाएन । त्यस विषयमा मलाई कुनै पनि जानकारी छैन ।

➲ ***नेपालमा ओलीको भारत भ्रमणपूर्व भारताट ठूलो सहयोग ल्याउँछौं र विकास गर्छौं भनेर हल्ला मच्चाइयो । अहिले के देख्नुहुन्छ ?***

कुनै एक घटना पनि भएका छैनन् जसले नेपाल-भारतको समग्र क्षेत्रमा गुणात्मक परिवर्तन ल्याओस् । तर जब ओली प्रधानमन्त्री बने त्यो अवस्थादेखि नै भारतलाई दबाबमा राख्ने प्रयत्न गरे । ओली प्रधानमन्त्री बनेपछि उनले पाकिस्तानी प्रधानमन्त्री अब्बासीलाई एयरपोर्टमा स्वागत गरे । जब नेपालको प्रधानमन्त्री चुनिन्छ परम्परागत रूपमा पहिलो विदेश भ्रमण भारतमा हुन्छ जस्तो कि मन्दिरमा गएर मूर्ति ढोगेजस्तो । यो संस्कार एकदम गलत हो । भारत यस्तो देश हो आफ्ना छिमेकीहरूले चीनसँग सम्बन्ध राखेको मन पराउँदैन । म्यानमरदेखि नेपालसमम । वान बेल्ट वान रोडको त विरोध गरिरहेको छ । यस्तो अवस्थामा ओलीले हामी कमजोर होइनौं है भन्ने देखाउन पाकिस्तानी प्रधानमन्त्रीलाई बोलाए ।

ओलीले महेन्द्रको जस्तै छिमेकीसँग कार्ड खेलिरहेका छन् । जसरी हिजो महेन्द्र चीनसँग नजिकिने भारतलाई तर्साउने र भारतसँग एकथरी कुरा गरेर चीनलाई आफ्नो पक्षमा पार्ने गर्दथे । ओलीको तरिका पनि महेन्द्रको भन्दा फरक छैन । यसरी ओलीले आफ्नो नेतृत्वको सरकार ५ वर्ष रहन्छ भनेर विश्वास दिलाउन खोजिरहेका छन् । व्यक्तिगत रूपमा म अर्थशास्त्री त होइन तर केही अर्थशास्त्रीसँगको कुरामा मैले के थाहा पाएको छु भने नेपालको अर्थतन्त्र ध्वस्त भैसकेको छ । नेपालका बैङ्क टाट पल्टिएका छन् । भित्रभित्रै नेपालका बैङ्कले विदेशी बैङ्कबाट ठूलो ऋण लिइरहेका छन् रे । यस विषयमा तपाईंहरू पनि पत्ता लगाउनुहोस्, हामी पनि छौं । यसरी नेपाल अन्तर्राष्ट्रिय ठूला वित्तीय संस्थाको बन्धक बन्न पुगेको छ । यसरी नेपालमा केही भयो भने त्यसको तरङ्ग भारतको सत्तामा पर्ने गर्दछ । भारतको सत्ताधारी वर्ग कति ढुक्क छ भने नेपालको राजनीतिमा जस्तोसुकै फेरबदल आए पनि सजिलै नियन्त्रणमा लिन सकिन्छ । अहिले हेर्न सक्नुहुन्छ । एमाले र माओवादी केन्द्रले वैशाख ९ गते पार्टी एकता गर्ने भनेका छन् । म त पार्टी एकता हुने नै देख्दिनँ । एकता भैहाले पनि खासै महत्व राख्नेवाला छैन । पार्टी एकता भैहाले पनि नेपालका क्रान्तिकारीहरूमाथि दमन गरिनेछ । दमनको मेसिन धारिलो पारिनेछ । भारत पनि के आत्मविश्वासमा देखिन्छ भने ओलीले एक इन्च पनि यताउता गरे ओली सरकार ढालेरै देखाउँछौं । सरकार ढाल्नका लागि उसले महरा र वर्षमान पुनलाई प्रयोग गर्ने देखिन्छ । अब कुरा नेपालका जो क्रान्तिकारी छन् तिनीहरू सरकार के गर्छ र भारत के गर्छ ? भारतले के गर्ला भन्ने विषयमा अल्झिनुपर्ने कुरै छैन । क्रान्तिकारीहरूले सङ्घर्षका लागि रणनीति तयार पार्दै अगाडि बढ्नुपर्ने देखिन्छ किनकि सङ्कट नेपालमा मात्रै होइन, ग्लोबल रूपमै राजनीतिक तनाव आउँदैछ । जस्तो हिजो मात्र अमेरिकाले सिरियामा हवाईहमला गरेको छ । ट्रम्पले त्यसको प्रतिक्रिया दिँदै भनेका छन्- एकपटक मात्र हमला गर्ने हो तर त्यसले ठूलो सङ्कट निम्त्याउने देखिन्छ । विशेषगरी साना देशहरूमा नेपालमा मात्रै होइन, भारतका लागि पनि सङ्कट नै आउनेछ । अहिलेको विश्वमा एक देशको युद्धसँग अर्को देशको संलग्नता नहुने भन्ने हुनै सक्दैन । भारत युद्धमा नजाने, अमेरिका जाने, चीन युद्धमा जाने, नेपाल नजाने भन्ने हुँदै हुँदैन । कारण विश्वव्यापी ध्रुवीकरण भइरहेको छ । सरकार दमनमा उत्रन्छ भनेर क्रान्तिकारीहरू पछि हट्ने भन्ने हुँदैन । ओली सरकार बनेको छ, अर्को वर्ष ढल्न सक्छ । फेरि अर्को सरकारमा आउँछ । त्यसले पनि त क्रान्तिकारीहरूमाथि दमन नै गर्ने हो । त्यसकारण नेपाल मात्रै यस्तो देश हो जहाँका अधिकांश जनता समाजवाद तथा साम्यवादमा विश्वास गर्छन् । प्रश्न के हो भने करिब ७५ प्रतिशत जनता साम्यवादका पक्षमा छन् । तर किन क्रान्ति पूरा हुन सकेन ? अधुरो रह्यो ? नेपाली समाज सधैं विद्रोही नै रहेको छ । लखन थापाको सामन्तवादविरोधी विद्रोहदेखि हालसम्म सधै परिवर्तनका पक्षमा देखिन्छन् जनता । नेपालमा यस्तो पनि भयो । एक चरणमा पुगेपछि व्यापक रूपले पटकपटक यस्तो हुँदा पनि जनता विद्रोहका पक्षमा नै छ । विद्रोहका पक्षमा आन्दोलन सही ढङ्गले उठाउन भने यो परिस्थिति बदलिने आवस्था आउँछ । त्यसकारण क्रान्तिकारीहरु अगाडि बढ्नुपर्छ । सरकारको त लुट्ने, साधनको दुरुपयोग गर्ने काम हो । उनीहरू गरिरहन्छन् तर क्रान्तिकारीहरूलाई मेरो सल्लाह तपाईंहरू आफ्नो काम गर्नुस् । सरकारको काम त लुटपाट गर्ने नै हो । सन् १९९४ मा मनमोहन अधिकारीको पालामा आफ्नो गाउँ आफैं बनाऊँजस्ता काम भए । त्यस पछाडि त कुनै पनि काम भएन । यसरी देशमा चुनौती पनि छन् अवसर पनि छन् ।

➲ ***अहिले एमले-माओवादी केन्द्र गठबन्धनलाई वाम गठबन्धन भन्ने गरिएको छ । यसलाई तपाईं के भन्नुहुन्छ ?***

निश्चय नै यो कुनै वाम गठबन्धन होइन । वाम गठबन्धन हुन कुनै वैचारिक आधार नै छैन ।

➲ ***वाम गठबन्धन बनेको समयपछि एमाले र माओवादी नेताले ३० वर्ष शासन गर्ने बताए तर सरकार गठनपछि गृहमन्त्रीले बादल नै ओलीविरुद्ध थालेका छन् । सरकार निष्पक्ष चलाउन सक्छन् ?***

अझै त्यो सम्भव नै छैन । तपाईं हेर्न सक्नुहुन्छ । यहाँ गठबन्धन भयो त्यो केही सुविधाका लीगि भएको छ । कुनै क्रान्तिकारी परिवर्तनका लागि भएको होइन । गठबन्धन नभएको भए प्रचण्डलाई ठूलो धक्का पुग्थ्यो होला । एमालेसँग गठबन्धन नगरेको भए प्रचण्डको पार्टीले १० सिट पनि ल्याउँदैनथ्यो । गठबन्धन गरेकाले प्रचण्डको पार्टीको उद्धार भयो । भारतले नेपालमा नाकाबन्दी नगरेको भए ओलीको पनि अस्तित्व समाप्त भइसक्थ्यो । त्यो नाकाबन्दीले ओलीलाई नयाँ जीवन दियो । जसरी एमालेले भन्दै आएको छ- उसले जनयुद्धलाई कहिल्यै मान्यता दिएन । एमालेले जनयुद्धलाई सधैं आतङ्ककारी कारबाही भन्दै आएको छ । एक ठाउँमा त ओलीले फासिस्ट कारबाहीसमेत भने । दोस्रो अक्टोबरमा जब गठबन्धन बनाउने बैठक बस्दै थियो त्यो अवस्थामा माओवादी केन्द्रले कुनै पनि शक्ति एमालेसँग राखेन । कुनै पनि गएगुज्रेको सङ्गठनले पनि न्यूनतम सर्त राख्ने गर्दछ । तर माओवादी केन्द्रले आत्मसमर्पण नै गर्‍यो । तेस्रो, जब एमाले र माओवादी केन्द्रका बीचमा गठबन्धनको तयारी हुँदै गर्दा सोही पार्टीका दोस्रो तहका नेता कृष्णबहादुर महरालाई गठबन्धन हुँदैछ भन्ने पनि थाहा थिएन । विशेष सूत्रबाट मैले खबर पाएको थिएँ- कृष्णबहादुर महरा दाङमा हुँदा एमाले नेताले नै महरालाई तपाईं र म मिल्ने भयौं भनेर सुनाएपछि मात्र महराले थाहा पाए रे । रहस्यात्मक तरिकाले गठबन्धन बनेको थियो ।

एमाले नेताहरू र स्वयम् प्रचण्डले पनि गठबन्धन हुने कुरामा केही बोलेका थिएनन् । योभन्दा पहिला किन यो कुरा बाहिर आएन भन्ने प्रश्नको जबाफ दिँदै प्रचण्डले पहिला यो कुरा बाहिर आएको भए पार्टी एकता भइदिन्थ्यो भने के चोरी, डकैती थियो त ? त्यो गोप्य राख्नलाई गठबन्धन बनाएर चुनाव लड्ने कुरा कुनै अपराध त थिएन होला । यसरी यो रहस्यात्मक ढङ्गले गठबन्धन तथा पार्टीएकता गर्ने सहमति गरियो । यो एकता स्वार्थपूर्तिका लागि थियो । लुटपाटलाई वैधानिक बनाउन थियो । जजसलाई मन्त्री बनाइयो ती सबै लुटपाट मच्चाउनेमध्ये हुन् । यसरी राजनीतिलाई व्यवसायका रूपमा लिइनु देशका लागि दुःखद् कुरा हो ।

➲ ***केपी-प्रचण्डको सरकार छ । यसले विकास र समृद्धिजस्ता नारा दिएको छ । यसलाई कसरी हेर्नुभएको छ ?***

विकास र समृद्धिको कुरा गर्ने हो भने ओलीले नेपाली युवा जो ठूलो मात्रामा विदेश पलायन हुँदैछन् तिनीहरूलाई रोक्न सक्नुपर्छ । ती युवाहरूलाई रोजगारीको अवसर नेपालमै सिर्जना गर्नुपर्नेछ । यसले जनतामा केही प्रभाव पर्नसक्छ । स्थिर सरकार हो भन्ने प्रमाणित गर्नसक्नुपर्दछ । सन् १९९४ मा भूमिसुधारका बारेमा एमालेले गर्न खोजेको थियो । माओवादी केन्द्रले पनि त्यो मुद्दा उठाएको थियो । त्यसपछि लागू गर्न सक्नुपर्नेछ । नेपालमा कुनै पनि जनता भूमि नभएको सरकारी दाबी छ । तर अहिले जुन परिस्थिति आएको छ यसले भूमिहीनहरूको सङ्ख्या बढ्ने देखिन्छ । सरकारलाई काम गर्न त थुप्रै अवसरहरू छन् तर त्यसका लागि तपाईंको नियत ठीक हुनुपर्‍यो नि तपाईं हेर्न सक्नुहुन्छ । जसरी यो एकता भयो त्यो स्वार्थको भरमा भयो नि । तपाईंमा स्वार्थ छ भने विकास गर्ने इच्छाशक्ति नै हुँदैन । कुरा त गर्न सकिन्छ । हवाई योजना ठूलाठूला गर्न सकिन्छ । जस्तो भारतमा मोदी बुलेट ट्रेनको कुरा गर्दछन् तर त्यसले कसलाई फाइदा छ ? नेपालजस्तो सानो देश जससँग प्रचुर मात्रामा प्राकृतिक स्रोतसाधन छ । कसरी सानासाना उद्योगको विकास गरेर आमजनतालाई रोजगारीको अवसर दिन सकिन्छ ? विकास हुन राजनीतिक इच्छाशक्ति हुन जरुरी छ । तर यिनीहरूको जुन काम गर्ने बाटो छ त्यो नै गलत छ ।

➲ ***जसरी रक्षात्मक तरिकाले गठबन्धन बनाइयो त्यो दुई पार्टीको इच्छाशक्ति भन्दा पनि बाह्य शक्तिको आडमा बन्यो भन्ने सर्वसाधारण जनताको बुझाइ छ । तपाईं के भन्नुहुन्छ यसलाई ?***

त्यो कुरा पनि बाहिर सुनियो । कसैले यो एमाले-माओवादी एकता भारतको पहलमा गरियो भन्ने पनि छ । मलाई लाग्छ यो अड्कल हो । एमाले-माओवादी आफूलाई कम्युनिस्ट भन्छन् तर यिनीहरू भनेका सामाजिक जनवादी वा अरू बुर्जुवा पार्टी हुन् । दुवै ठूलो पार्टी मिलेर संसद्मा करिब दुईतिहाइ मत पाए । यो भारतीय सत्तारूढ पार्टीहरूका लागि टाउकोदुखाइ बन्न पुग्यो । जो व्यक्ति व्यापक रुपमा यसका बारेमा बुझ्दैनन् उनीहरूले मनोवैज्ञानिक दबाब महसुस गरे । भारतमा पनि नामधारी वाम पार्टीहरू छन् । उनीहरूलाई राहत मिल्यो- नेपालको संसद्मा दुईतिहाइ कम्युनिस्टहरूको मत पुग्यो । एकातर्फ यस्तो अड्कल पनि छ- नेपालमा वामपन्थीहरूको एकता भयो । त्यसलाई टुटाउन भारतीय गुप्तचर संस्था रअ (रिसर्च एन्ड एनालाइसिस उइङ) ले प्रयत्न गरिरहेको छ । यो गठबन्धन नेपालमै आफ्नो अस्तित्व रक्षा गर्न एमाले-माओवादीले जनतालाई भ्रममा पार्न योजनाबद्ध तरिकाले रचेको वितण्डा नै हो । वाम गठबन्धन बनाउँदा त्यसले केही समय जनतालाई अन्योलतर्फ धकेलेर आफ्नो स्वार्थ पूरा गर्ने खेल मात्रै हो । अर्को कुरा जब तपाईं आफ्नो व्यक्तिगत स्वार्थमा लाग्नुहुन्छ भने कसरी जनताको हितमा काम गर्नुहुन्छ ? कुनै समय पानी खाएर प्रचण्डलाई गाली गर्ने मातृका यादव ओली सरकारका मन्त्री छन् । मलाई के लाग्दैन भने यादवले प्रचण्डको कार्यदिशा स्वीकारेका छैनन् तर पनि उनको पार्टीमा गएर सरकारमा सहभागी भए । यसकारण मुख्य कुरा तपाईंले व्यक्तिगत स्वार्थ राख्नुहुन्छ कि राख्नुहुन्न भन्ने कुरा नै हो । यो बाटो नै गलत छ । नेपालको संसद्वादी राजनीतिक दलहरूको बाटो नै गलत छ र जनताले केही वर्षपछि यो बाटो गलत छ भन्नेछन् ।

➲ ***अन्तिममा, ओली सरकारको गठनपछि नेपाल-भारत सम्बन्ध र नेपाल-चीन सम्बन्ध कस्तो रहला ?***

नेपाल-भारत सम्बन्ध वा भारत-चीन सम्बन्धमा ओलीको भारत भ्रमण र नेपालमा नयाँ सरकार गठनले खासै फरक पार्दैन । भारत-चीनको प्रतिष्पर्धी कुनै पनि हालतमा होइन । पश्चिमा, युरोपियन र भारतीय अर्थशास्त्रीहरू पनि भारत चीनभन्दा आर्थिक हिसाबले ५० वर्षपछि छ भन्छन् । यसरी सीमामा पनि अलि तनाव देखिनु सामान्य नै हो । भारत त्यसरी नलागेको भए दोक्लाममा विवाद आयो । त्यो विवाद भारतको प्रभुत्ववादी चिन्तनले गर्दा भएको हो । अमेरिका र चीनको बीचमा जुन प्रतिस्पर्धा छ त्यसकारण भारत र चीनको बीचमा अवस्थित भएकाले नेपाललाई न भारतले, न त चीनले सम्बन्ध टाढा बनाउन चाहन्छन् । तसर्थ नेपालमा निःस्वार्थ लिडर सत्तामा आउने हो भने नेपाललाई समृद्ध बनाउन सकिन्छ । नेपालले चीन-भारतसँग समान नीति बनाउने नेपालका नेताहरूले बताउँछन् तर त्यो सम्भव छैन । चीनले सुरु गरेको बाटो एक बाटो एक पाटोका पक्षमा उभिएको छ भने भारत त्यसको विरुद्धमा छ । जसरी नेपालका सत्ताधारी नेताहरू भारतको शरणमा गएर लम्पसार पर्छन् । त्यो कुरा नेपालीहरूले मन पराउँदैनन् । त्यसकारण नेपाली जनतालाई समृद्ध बनाउने नेतृत्वमा क्षमतामा भर पर्ने कुरा हो । स्रोतसाधनको हिसाबले नेपाल समृद्ध छ । त्यसकारण नेपालले भारत र चीन दुवै देशसँग समन्वय गरेरै अगाडि बढ्नुपर्दछ ।

▶▶ पृष्ठ १ बाट क्रमशः

# वैज्ञानिक समाजवाद–साम्यवादको खोज

(क) वैज्ञानिक समाजवाद-साम्यवादको दर्शन
(ख) वैज्ञानिक समाजवाद-साम्यवादको राजनीतिक अर्थशास्त्र
(ग) वैज्ञानिक समाजवाद–साम्यवादको राजनीतिक व्यवस्था

**(क) समाजवाद-साम्यवादी दर्शनको खोज**

मार्क्स-एङ्गेल्सले गर्नुभएको साम्यवादी दर्शनको अनुसन्धान दर्शनका क्षेत्रमा गरिएको नयाँ र वैज्ञानिक अनुसन्धान हो। यो दर्शनलाई ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद भनिन्छ । यो यस पहिलेका दर्शनहरूको ठीक विपरीत भएकाले यसलाई दर्शनमा गरिएको क्रान्ति भनिन्छ। सामान्य रूपमा भन्दा प्रकृति, समाज, राज्यको उत्पत्ति, विकास र रूपान्तरणलाई अध्ययन गर्ने, बुझ्ने र प्रयोग गर्ने ज्ञान दर्शन हो । दर्शनलाई ज्ञानको प्रेम र विशेष ज्ञान पनि भनिन्छ। दर्शनलाई मार्क्सले 'आफ्नो समयको बौद्धिक सार' भन्नुभयो। दर्शनको विकास तीन हजार वर्ष पहिलेदेखि भएको मानिन्छ तर सामन्तवाद र पुँजीवादसम्म वस्तुको उत्पत्ति, समाज र राज्यलाई हेर्ने दर्शन आदर्शवादी (अध्यात्मवादी) थियो। सन् १८४३ मा हेगेलको 'आदर्शवादी द्वन्द्ववाद' को आलोचना र सन् १८४५ बाट फायरबाखको 'भाववादी भौतिकवादको आलोचना' बाट मार्क्सले द्वन्द्वात्मक भौतिकवादी दर्शन (पदार्थ र प्रकृति नै सत्य हो र त्यो निरन्तर गतिमा छ भन्ने) का विषयमा हात हाल्नुभयो। मार्क्सले हेगेलको आदर्शवादी दर्शनको आलोचना गर्दै र द्वन्द्वात्मक भौतिकवादी दर्शनबारे प्रकाश पार्दै लेख्नुभयो, 'हेगेलको द्वन्द्ववाद टाउकोले टेकेको थियो, मैले त्यसलाई खुट्टामा उभ्याइदिएँ ।' त्यसैगरी फायरबाखको भाववादी भौतिकवाद दृष्टिकोणको आलोचना गर्दै मार्क्सले भन्नुभयो, 'आजसम्मका सारा भौतिकवाद जसमा फायरबाखको भौतिकवाद पनि सामेल छ- मुख्य त्रुटि यो छ कि वस्तु, वास्तविकता र इन्द्रियताको केवल विषय वा अनुध्यानका रूपमा कल्पित गर्ने गर्छ, न कि मानवको इन्द्रिय क्रिया, व्यवहारका रूपमा, न कि आत्मनिष्ट रूपमा । यसकारण फल यो भयो कि क्रियाशील पक्ष, भौतिकवादको विपरीत, भाववादद्वारा विकसित गर्न पुगे तर केवल अमूर्त रूपमा किनकि भाववाद वास्तविक इन्द्रिय क्रियाभन्दा सर्वथा अपरिचित छ', (मार्क्स-एङ्गेल्स, हिन्दी सङ्कलित रचनाहरू, खण्ड १ भाग १, फायरबाखमाथि निबन्ध, पृ. ११) । त्यही क्रममा एङ्गेल्सले पनि द्वन्द्वात्मक भौतिकवादी दर्शनसँग जोडेर सन् १८४५ मा पवित्र परिवार र दर्शनबारे चर्चा गर्नुभयो । एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादबारे स्पष्ट गर्दै लेख्नुभयो, 'सबै दर्शनको खासगरी अत्याधुनिक दर्शनको महान्, आधारभूत प्रश्न चिन्तन र अस्तित्वसँग सम्बन्धित छ। दार्शनिकहरूले यस प्रश्नका जुन उत्तरहरू दिए, तिनले उनीहरूलाई दुईवटा विशाल शिविरमा विभक्त गरिदियो । जसले प्रकृतिभन्दा चेतनालाई प्राथमिकता दिए र त्यसैले अन्तिम रूपमा त्यसैबाट कुनै न कुनै रूपमा विश्व रचना भएको कल्पना गरे । ... उनीहरू आदर्शवादीका शिविरमा परे। अरू प्रकृतिलाई प्राथमिक ठान्नेहरूचाहिँ भौतिकवादका विभिन्न धाराहरूमा पर्न पुगे', (एङ्गेल्स मार्क्सवादी-लेनिनवादी, दर्शनशास्त्र, पृ. १६) । यसरी मार्क्स-एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादी दर्शनको विकास गरिसकेपछि समाजमा दुईखाले दर्शन अस्तित्वमा रहेका छन् :

१. अध्यात्मवादी दर्शन
२. ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शन

**१. आदर्शवादी (अध्यात्मकवादी) दर्शन**

आदर्शवादी (अध्यात्मवादी) दर्शन प्रकृति र समाजलाई बुझ्ने र व्याख्या गर्ने आत्मप्रधान वा चेतना-प्रधान दृष्टिकोण हो । यस दृष्टिकोणले वस्तु, समाज, मानवको उत्पत्ति सहायक हो, मुख्य पक्ष यसको रचना र सञ्चालन गर्ने चेतना हो भन्ने विश्वास गर्छ। अर्थात् वस्तुको उत्पत्तिका सम्बन्धमा परम् चेतना (ईश्वर, भगवान्) मा विश्वास राख्दछ । यो दर्शनको सुरुआत तीन हजार वर्षअगाडि दासयुगबाट भएको मानिन्छ । यस दर्शनको निर्माण पश्चिममा ग्रिक, युनानका र पूर्वमा भारत, चीनका अध्यात्मवादी दार्शनिकहरूले गरेका हुन्। ती दार्शनिकहरू अफ्लातुन, बर्कले, फिख्टे, ह्युम, हेगेल, व्यास, मनु, कन्फुसियसहरू थिए। सामन्ती युगमा यो दर्शनको सबैभन्दा ज्यादा विस्तार भयो। पुँजीवादले पनि यो दर्शनलाई मलजल गरिरहेको छ । यसले प्रकृति, समाज, वर्ग र राज्यलाई अदृश्य चेतना (ईश्वर, भगवान्, प्रभु, अल्लाह वा कुनै अलौकिक शक्ति) ले निर्माण गरेको र उसैको इच्छाअनुसार चलिरहेको विश्वास गर्छ। यसको दृष्टिमा मान्छेले पदार्थलाई बुझ्न सक्दैन । मान्छे त केवल खेलौना मात्र हो । प्रकृति र समाज जुन रूपमा आएको हो, त्यही रूपमा चलिरहेको छ । मान्छेले ईश्वरकै चाहनामा काम गर्ने मात्र हो । आदर्शवादबारे मार्क्स-एङ्गेल्सले 'समग्र दर्शनका साथै विशेषगरी नूतन दर्शनको महान् एवम् आधारभूत प्रश्न चिन्तन र अस्तित्वको सम्बन्धको ... आत्मा र प्रकृतको सम्बन्धको हो, ... यो प्रश्न आत्मा र प्रकृतिमा कुन प्राथमिक हो ... दर्शनिकहरूलाई यो प्रश्नले दुई भागमा बाँडिदियो, जसले आत्मालाई प्रकृतिको सट्टा प्राथमिकता दियो र साथै यसकारण आखिरमा यस वा त्यस रूपमा विश्वको सिर्जन स्वीकार गर्‍यो, उनीहरूलाई आफ्नो अलग भाववादी (आदर्शवादी) शिविरमा पुर्‍यायो', (लेनिन, हिन्दी खण्ड ५, कार्ल मार्क्सको शिक्षा, पृ. २९) भन्नुभयो । त्यसैगरी लेनिनले 'भाववादी दर्शन ... जसको अर्थ हमेसा कुनै न कुनै रूपमा धर्मको वकालत वा त्यसको समर्थनमा हुन्छ', (लेनिन, हिन्दी खण्ड ४, मार्क्सवादका तीन स्रोत तथा ती सङ्घटक अङ्ग, पृ. १९५) भन्नुभयो । वस्तु, समाज र राज्यलाई बुझ्ने दृष्टिकोणका आधारमा हेर्दा अध्यात्मवादी दर्शनका विशेषताहरू निम्न रहेका छन् :

(क) प्रकृति र समाज कुनै अदृश्य परम् चेतनाले निर्माण गरेको हो।
(ख) प्रकृति र समाज जड छन्।
(ग) प्रकृति र समाजलाई बुझ्न र बदल्न सकिँदैन।

**(क) प्रकृति र समाज कुनै अदृश्य चेतनाले निर्माण गरेको हो**

आध्यत्मवादी दर्शनले प्रकृति, समाज र राज्यलाई अदृश्य चेतना, परम शक्ति (ईश्वर-भगवान्) ले निर्माण गरेको हो भन्ने दृष्टिकोण राख्छ। यसको दृष्टिकोणमा वस्तुको उत्पत्तिमा चेतना (अदृश्य शक्ति) प्रमुख हो र प्रकृति सहायक हो। हामीले आफू र आफूभन्दा बाहिर ब्रह्मान्ड, पृथ्वी, हावा, पानी, मान्छे, जीवजन्तु जे कुराको अस्तित्व देख्छौँ, यसलाई कुनै न कुनै शक्तिले निर्माण गरेको हो । त्यो शक्ति अरू कुनै नभएर परम् शक्ति, अदृश्य हात वा ईश्वर नै हो। यो दृष्टिकोण राख्ने मान्छेहरूले व्याख्या गर्छन् कि ईश्वर–भगवान्ले पहिले पृथ्वी बनाए, त्यसपछि पानी, हावा, माटो, अग्नि बनाए र पछि एउटा पुरुष, एउटा महिला बनाएर पठाए। त्यसपछि मात्र आजको मानव-समाज बन्न पुग्यो। तर यो दर्शनका समर्थकहरूबीचमा कुनचाहिँ अदृश्य र परम् शक्तिले यो संसारको रचना गर्‍यो र कसले सञ्चालन गरिरहेको छ भन्नेबारे भने निकै ठूलो विवाद छ। क्रिस्चियनहरू प्रभुले बनाएको ठान्छन्, हिन्दुहरू ब्रह्माले बनाएको ठान्छन्, मुस्लिमहरू अल्लाहले बनाएको ठान्छन् । कसैकसैले यी कुनैले पनि नभएर परम्शक्तिले बनाएको ठान्छन् । ईश्वर, भगवान्, अल्लाहको विवाद यति अतिमा छ कि ईश्वरवादीहरूले हरेकले आफूलाई ईश्वरको एक मात्र प्रतिनिधि र अर्को धर्मलाई दानव, सैतान र काफिर ठान्छन् । उनीहरू आफ्नो ईश्वरले मात्र यो दुनियाँको रचना र रक्षा गरिरहेको दाबी गर्छन् । वैज्ञानिक भौतिकवादप्रति भने सबैको असहमति र समान विरोध रहेको छ।

**(ख) प्रकृति र समाज जड छन्**

अध्यात्मवादी दर्शनको अर्को विशेषता वस्तु, समाज र राज्यलाई जड र गतिहीन अस्तित्वका रूपमा बुझ्नु रहेको छ। यसको दृष्टिमा परम्शक्ति वा ईश्वरको शक्तिले वस्तुहरू जुन रूपमा बनेका हुन्, त्यही रूपमा र जस्तो अवस्थामा तयार भएका हुन्, त्यही रूपमा छन्। ईश्वरले नयाँ बनाउने इच्छा नराखेसम्म यही रूपमै रहिरहन्छन्। ग्रह, पृथ्वी, जनावर, मान्छे, समाज, राज्य सुरुमा जुन अवस्थामा बनेका हुन्, त्यही अवस्थामा छन् र जसरी सञ्चालन गरिएको थियो, त्यही रूपमा चलिरहेका छन् । यसमा कुनै नौलो परिवर्तन आएको छैन । मान्छे मान्छेकै रूपमा जन्मिएको हो, जनावरहरू उत्पत्तिमै जनावर भएर आएका हुन्, समाज र राज्यको रचना पनि भगवान्को इच्छाले गर्दा भएका हुन्। राज्यको सञ्चालन गर्ने राजा-महाराजा, सम्राट र शासकहरू पनि भगवान्ले आफ्नो दूतका रूपमा शासन गर्न खटाएका हुन् । जनता शासित हुनकै लागि पैदा गरिएका हुन् । समाजमा गरिब र धनी, दुःखी र सुखी, शासक र शासित हुनु मान्छेहरूले जन्मिँदै ल्याएर आएको हुन्छ । आज बाह्य दुनियाँ (प्रकृति, समाज, राज्य, राजनीति, आर्थिक, प्रविधि) मा जेजस्ता विकास, हेरफेर र परिवर्तनहरू देखिन्छन्, ती केवल ईश्वरका लीला र खेल मात्र हुन्। सबै वस्तु खेलौनाका रूपमा नाचेका मात्र हुन् । मान्छे देख्ने गति, विकास र परिवर्तन वस्तुका रूपमा देखिने फेरबदल मात्र हुन् । वस्तुहरू यस्तै आए, यस्तै छन् र यस्तै रहनेछन् । यी वस्तुहरूको आयु पनि ईश्वरको इच्छामा भर पर्छ।

**(ग) प्रकृति र समाजलाई बदल्न सकिँदैन**

अध्यात्मवादको तेस्रो दृष्टिकोण वस्तु, समाज र राज्यलाई बुझ्न र बदल्न सकिँदैन भन्ने रहेको छ। उनीहरूको तर्कअनुसार सबै वस्तु चेतनाका उपज भएकाले मान्छेको बुद्धि र चेतनाले त्यसलाई बुझ्ने क्षमता राख्दैन । वस्तु यति व्यापक र विशाल एकप्रकारले रहस्यको गुजुल्टो छ कि यसलाई मानव विवेकले खोतल्नै सक्दैन । जब बुझ्न सकिँदैन भने मान्छेको क्षमताले बदल्ने भन्ने प्रश्न नै उठ्दैन। त्यसैले यी अस्तित्वमान् वस्तुहरू जस्ता छन्, त्यही रूपमा रहन्छन् र यसरी नै रहन दिनुपर्छ। समाज जस्तो छ, त्यो त्यसरी नै जान्छ, देश जस्तो छ त्यही रहन्छ। राज्य जसरी सञ्चालित छ, त्यसरी नै चल्दै जान्छ। संस्कार संस्कृति जस्ता छन् ती त्यसरी नै जान्छन्। मान्छे स्वयम् पनि ईश्वरकै रचना भएकाले आफू पनि त्यसरी नै सञ्चालित हुनुपर्छ। यसको विचारमा वस्तुलाई मान्छेले बदल्न सक्छ, बदल्नुपर्छ भनेर सोच्नु भनेको उसका मनका भावना र लहडबाजी मात्र हुन्, त्यो सम्भव छैन र प्रयत्न गर्नु पनि हुँदैन। यो दृष्टिकोणअनुसार समाजमा वर्ग, वर्गसङ्घर्ष, राज्य जुन रूपमा छन्, तिनलाई त्यसरी नै चल्न दिनुपर्छ । त्यहाँ विभेद, शोषण, उत्पीडन, कुसंस्कार, छुवाछूत, अन्धविश्वास, अशिक्षाजस्ता विषयहरू छन् भने पनि ती परम्शक्तिका इच्छाले गर्दा भएका हुन्, मान्छेले ईश्वरको भक्तिद्वारा मुक्त हुन प्रार्थना गर्नुबाहेक अरू गर्न सकिँदैन । तिनलाई मान्छेले फेर्न चाहेर सम्भव छैन, यी फेरिन्छन् भने पनि भगवान्कै इच्छाले फेरिन्छन् । आदर्शवाद (अध्यात्मवाद) को निष्कर्ष छ- आज मान्छेहरूले जे छ, त्यसैमा चित्त बुझाऊ ! पीडा, दुःख, उत्पीडन, दमन छ र त्यसबाट मुक्त हुने चाहना छ भने भए यही जुनीमा नभए अर्को जन्मका लागि प्रभु, भगवान् र अल्लाहको पुकार गर, उसैलाई खुसी राख !

**२. ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शन**

ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शन प्रकृति, समाज, राज्यलाई अध्ययन गर्ने र बुझ्ने वैज्ञानिक दृष्टिकोण हो । यसको अनुसन्धान मार्क्स-एङ्गेल्सले सन् १८४३ पछि अर्थात् उन्नाईसौँ शताब्दीको मध्यमा गर्नुभएको हो। यसको दृष्टिकोणअनुसार प्रकृति र वस्तु मुख्य हो, चेतना सहायक हो। हाम्रो वरिपरि जेजस्ता वस्तुहरू अस्तित्वमा रहेका छन्, ती प्राकृतिक हुन् र तिनलाई बुझ्न सकिन्छ। यी तत्वहरू निरन्तर गतिशील र विकासशील रहेका छन्। मार्क्स-एङ्गेल्सले यो दर्शनको अनुसन्धान नगर्दासम्म समाजमा अध्यात्मवादी दर्शन हाबी थियो। दार्शनिकहरू परम्-ईश्वरीय शक्ति र विश्व-आत्माको वरिपरि घुमिरहेका थिए । यस्तो अवस्थामा मार्क्स-एङ्गेल्सले दर्शनमा खोज गर्नुभएको ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद परम्परागत दर्शनमा गरिएको क्रमभङ्ग र क्रान्ति थियो । यो दर्शनको अनुसन्धान मार्क्सले सन् १८४३ मा हेगेलको 'आदर्शवादी दर्शनको आलोचना' बाट आरम्भ गर्नुभयो । उहाँले हेगेलको प्रत्ययवादलाई आलोचना गर्दै 'टाउकोले टेकेको दर्शन' बताउनुभयो । युवा हुँदा मार्क्स स्वयम् पनि हेगेलकै विद्यार्थी हुनुहुन्थ्यो । पछि मार्क्सले सन् १८४५ मा फायरबाखको भाववादी एवम् अधिभूतवादी (जड) भौतिकवादको पनि आलोचना गर्नुभयो। उहाँसँगै मिलेर एङ्गेल्सले पवित्र परिवार लेख्नुभयो । सन् १८४८ मा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्र लेखेपछि द्वन्द्वात्मक भौतिकवादी दर्शन व्यवस्थित बन्न पुग्यो । ऐतिहासिक भौतिकवादबारे मार्क्सले प्रकाश पार्दै भन्नुभयो, 'इतिहासको भौतिकवादी अवधारणाहरूले विचारबाट व्यवहारलाई व्याख्या गर्ने होइन, बरु भौतिक व्यवहारबाट विचारहरूको बनोटलाई व्याख्या गर्दछ', (मार्क्सवादी, लेनिनवादी दर्शनशास्त्र, पृ. १६५) । यसबारे लेनिनले स्पष्ट गर्दै भन्नुभयो, 'मार्क्सवादी दर्शन भौतिकवाद हो । युरोपको पूरै आधुनिक इतिहासमा विशेष रूपले अठारौँ शताब्दीको अन्त्यमा फ्रान्सभित्र, जहाँ हरप्रकारका मध्ययुगीन कचराको विरुद्ध, संस्थाहरू र विचारहरूमा भूदासताका विरुद्ध निर्णायक सङ्घर्ष चलायो, भौतिकवाद एक मात्र यस्तो सुसङ्गत दर्शन सिद्ध भयो, जो प्राकृतिक विज्ञानको समस्त शिक्षाहरूको कसौटीबाट खरो उत्रियो, साथै अन्धविश्वास, पाखण्ड आदिको विरोधी निक्लियो', (लेनिन, सङ्कलित रचनाहरू, हिन्दी खण्ड ४, मार्क्सवादका तीन स्रोत तथा तीन सङ्घटक अङ्ग, पृ. १९४) । मार्क्स-एङ्गेल्सले अनुसन्धान गर्नुभएको र लेनिन-माओले विकास गर्नुभएको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दर्शनका विशेषताहरू निम्न रहेका छन् :

(क) प्रकृति, मानव-समाज प्राकृतिक हुन्।
(ख) वर्ग, राज्यसत्ता, पार्टी मानवनिर्मित हुन्।
(ग) प्रकृति, समाज, वर्ग, राज्य गतिशील र परिवर्तनशील छन्।
(घ) समाज, वर्ग र राज्यलाई बुझ्न र परिवर्तन गर्न सकिन्छ।

**(क) प्रकृति र समाज प्राकृतिक हुन्**

द्वन्द्वात्मक भौतिकवादी दर्शनको दृष्टिकोणअनुसार प्रकृति र मानव-समाजको उत्पत्ति एवम् विकास प्राकृतिक छ। सबै वस्तुको जन्म प्राकृतिक घटनाहरूको क्रिया-प्रतिक्रियाद्वारा भएको हो । मानवजाति र समाजको विकास पनि प्राकृतिक ढङ्गले भएको हो। पछिल्लो समयका विकास मानव ज्ञान र चेतनाको सहयोगसहित भए पनि मूल विशेषता प्राकृतिक नै हो । उदाहरणार्थ, हामी बसेको यो ब्रह्मान्ड, पृथ्वी, जीवजन्तु, मानव, मानव-समाजको उत्पत्ति र विकासलाई लिऔँ । भौतिकवादी वैज्ञानिकहरूका अनुसार कुनै समय यो ब्रह्मान्ड, हामी बसेको पृथ्वी, जीवहरू र मानवजाति केही र कोही पनि थिएनन्। यी सबैको उत्पत्ति प्राकृतिक प्रतिक्रियाद्वारा भयो। ब्रह्मान्ड, पृथ्वीको उत्पत्ति महाविस्फोटबाट भयो भन्ने छ भने केहीले धुलीकनद्वारा भयो भन्ने छ। त्यसैगरी पृथ्वीका उत्पत्ति ४.५ अर्ब पहिले भयो भने पृथ्वीमा जीव उत्पत्ति भएको एक अर्ब वर्ष भएको मानिन्छ। जीवबाट मानव उत्पत्ति भएको जम्मा चालीस लाख वर्ष भयो। त्यसमा पनि सामुदायिक चरित्रमा विकास भएको १० लाख वर्ष मात्र भयो। आधुनिक मानवमा फड्को मारेको १० हजार वर्ष भयो। सामन्तवाद १४०० सय वर्ष चल्यो भने पुँजीवाद आएको ५०० वर्ष पुग्दैछ । जतिबेला मानवजाति घुमन्ते जङ्गली युगमा थियो त्यसबेलासम्म समाजमा धनी, गरिब वर्ग पनि थिएन, वर्गसङ्घर्ष र राज्य पनि थिएन। यी सबैको उत्पत्ति भएको १० हजार वर्षयता मात्र हो। यसले के साबित गर्छ भने प्रकृतिमा अन्तर्निहित सङ्घर्ष र प्राकृतिक घटनाहरूको विकासका क्रममा जीव र मानवजातिको विकास भएको हो । आज पनि प्रकृतिमा हुने अनेकौँ क्रिया र प्रतिक्रियाका कारण नयाँनयाँ कीटाणु, रोग, उपचार विधि बन्ने र सकिने प्रक्रिया चलिरहेको छ। यो अध्यात्मवादीहरूले सोचेजस्तो कुनै चेतना, आत्मा वा दैवी शक्तिले बनाएको होइन । अहिले आएर यो दृष्टिकोणमा कम्युनिस्ट मात्र होइन, सबै भौतिकवादी, वैज्ञानिक र मानवशास्त्रीहरू पनि पूर्ण रूपले सहमत छन्।

**(ख) वर्ग, राज्यसत्ता, पार्टीहरू समाजका उपज हुन्**

द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको दोस्रो विशेषता वर्ग, राज्यसत्ता र पार्टीहरू समाजका उपज हुन् भन्ने रहेको छ। यो विशेषताअनुसार वर्ग, राज्यसत्ता र राजनीतिक पार्टीहरू समाजको अर्थ-सम्बन्धका कारण पैदा भएका वस्तुहरू हुन् । यी प्राकृतिक रूपले धेरै पहिलेदेखि वा पृथ्वीको उत्पत्ति भएदेखि नै अस्तित्वमा थिएनन्। पृथ्वी, हावापानी, जीवको उत्पत्ति भएको धेरै पछि मात्र अस्तित्वमा आएका हुन्। कैयौँ त पछिल्लो मानव-समाजको विकास क्रममा उत्पन्न भएका हुन् । समाजमा पहिले वर्ग उत्पत्ति भएको होइन, पशुपालन र कृषि उत्पादन कार्य सुरु भएको हो । जब आर्थिक उत्पादन वा सम्पत्तिको उत्पत्ति भयो तब समाजमा वर्गहरू जन्मिन पुगे। वर्गहरू उत्पत्ति भएपछि मात्र वर्गस्वार्थको रक्षा गर्न राज्यसत्ताको विकास भयो । राजनीतिक पार्टीहरू त निकै समयपछि मात्र निर्माण हुन पुगे । यसबारे मार्क्स-एङ्गेल्सले सन् १८४८ को कम्युनिस्ट घोषणापत्रमा लेख्नुभयो, 'राजनीतिक सत्ता भनेको एक वर्गले अर्को वर्गलाई दबाउने सङ्गठित शक्ति मात्र हो', (कम्युनिस्ट घोषणापत्र, पृ. ४८) । त्यसैमा उहाँहरूले थप्नुभयो, 'आधुनिक कार्यकारी राज्य भनेको सम्पूर्ण रूपले बुर्जुवावर्गको साझा स्वार्थ रक्षार्थ बनाइएको छ।' त्यसैगरी लेनिनले राज्यका बारेमा 'राज्य भनेको शक्तिको विशेष सङ्गठन हो, कुनै वर्गलाई दबाउनका निम्ति बल प्रयोगको सङ्गठन हो', (राज्य र क्रान्ति, दोस्रो अध्याय, क्रान्तिको पूर्व-बेला, पृ. २५) भन्नुभएको छ । जब राज्यसत्ताको विकास भयो, त्यसैको सङ्घर्षका क्रममा वर्गहरूको नेतृत्व गर्न र वर्ग-विचारको प्रतिनिधित्व गर्न नै राजनीतिक पार्टीहरू पनि निर्माण भए। समग्रमा भन्दा वर्ग, राज्यसत्ता र पार्टीहरू समाज विकासका क्रममा मानवद्वारा बनाइएका वस्तुहरू हुन्। कुनै पनि यी ईश्वरीय शक्तिका उपज होइनन्।

**(ग) प्रकृति, समाज, वर्ग, राज्यसत्ता गतिशील र परिवर्तनशील छन्**

द्वन्द्वात्मक भौतिकवादी दर्शनको तेस्रो विशेषता प्रकृति, मानव-समाज र राज्यसत्तालाई गतिशील र परिवर्तनशील वस्तुका रूपमा बुझ्नु रहेको छ। यसको अर्थ हो, प्रकृतिका हरेक वस्तु उत्पत्ति भएदेखि आजसम्म गतिशील छन्, विकासशील र परिवर्तनशील छन्। यी सबै वस्तुहरूको जन्म नै प्राकृतिक घटनाहरूको गतिमा भएको हो । जबदेखि यिनको जन्म भयो, तबदेखि नै यी गति र विकासमा रहँदै आएका छन् । यी एकबाट अर्कोमा परिवर्तन र रूपान्तरण पनि हुँदै आएका छन्। वस्तुहरू उत्पत्तिकालमा जुन रूपमा थिए, त्यही रूपमा छैनन् । आज जुन रूपमा छन्, ती पछि रहने छैनन् । निरन्तर परिवर्तन हुँदै जानेछन्। यस सन्दर्भमा एङ्गेल्स भन्नुहुन्छ, 'कुनै पनि कुरा शाश्वत् छैन तर सबै सधैँ परिवर्तनशील छ, अनन्त रूपमा गतिशील छन्, पदार्थ र ती नियमहरू जसअनुसार पदार्थ गतिशील बन्दछन् ...', (मार्क्सवादी-लेनिनवादी दर्शनशास्त्र, पृ. ३२)।

माथि नै चर्चा गरियो, कुनै समय यो ब्रह्मान्ड, पृथ्वी, जीवजन्तु केही थिएनन्। पछि मात्र उत्पत्ति भए, मानव पनि सुरुमा जङ्गली जनावरकै रूपमा थियो। बाँच्नका लागि मान्छेले अरू जनावरले भन्दा फरक प्रकारले श्रम गर्न थाल्यो। श्रमको कारणले नै मान्छेको पुच्छर हराउँदै, हात-गोडा फरक बन्दै अरू जनावरबाट अलग भयो। श्रम, चेतना, विचारको कारण मान्छे आधुनिक समाजका विभिन्न चरणहरू पार गरेर पुँजीवादी युगभित्र आइपुगेको छ। आज मान्छे पुँजीवादबाट वैज्ञानिक समाजवादतिर यात्रारत छ । सम्भवतः आउँदा केही शताब्दीपछि पुँजीवादको अन्त्य हुनेछ। विश्वमा साम्यवाद आउनेछ र त्यो पनि विकासको नियमअनुरूप नै नयाँ बन्दै जानेछ। विज्ञानअनुसार करोडौँ वर्षपछि पृथ्वी पनि समाप्त हुनेछ र मानवले नयाँ पृथ्वीको विकास गर्नेछन्। वस्तुको जन्म, विकास र परिवर्तनको वैज्ञानिक भौतिकवादी नियमले दिएको उच्चतम् ज्ञान यही हो।

**(घ) समाज, वर्ग, राज्यलाई बुझ्न र बदल्न सकिन्छ**

द्वन्द्वात्मक भौतिकवादी दर्शनले मानव-समाजलाई वैज्ञानिक ज्ञानद्वारा बुझ्न र परिवर्तन गर्न सकिन्छ भन्नेमा विश्वास गर्छ। वस्तु, समाज र राज्यको जन्म र विकासबारे वैज्ञानिक बुझाइ भइसकेपछि त्यसभित्रका गुण र विशेषतालाई पनि बुझ्न सकिन्छ। बुझिसकेपछि तिनलाई परिवर्तन पनि गर्न सकिन्छ भन्ने यसको मान्यता हो । यस सन्दर्भमा दार्शनिकहरूको विशेषतालाई उल्लेख गर्दै मार्क्सले भन्नुभयो, 'दार्शनिकहरूले विभिन्न विधिहरूबाट विश्वको केवल व्याख्या मात्र गरेका छन् जब कि मुख्य प्रश्न विश्वलाई बदल्नु हो', (मार्क्स-एङ्गेल्स रचनाहरू, हिन्दी खण्ड १, भाग १, फायरबाखमाथि निबन्ध, पृ. १४) । यसो भन्दा सबै प्राकृतिक वस्तुहरूलाई परिवर्तन गर्न सकिन्छ भन्ने होइन। प्रकृति र समाजका केही प्राकृतिक नियम छन्, तिनलाई बदल्न सकिँदैन तर केही त्यसका विकसित विशेषताहरू छन्, जसलाई मानवज्ञानद्वारा बदल्न वा रूपान्तरण गर्न सकिन्छ। सूर्य पूर्वबाट उदाउँछ, पश्चिममा अस्ताउँछ । दिनपछि रात आउँछ, ऋतुहरू फेरिन्छन्, मान्छे जन्मेपछि मर्छ । यी नियमहरू फेर्न सकिँदैन तर चिसो मौसममा न्यानो बनाउन सकिन्छ । अँध्यारोलाई उज्यालो बनाउन सकिन्छ। रोग लागेर मर्नेलाई बचाउन सकिन्छ । शोषण, दमन, अत्याचार हटाउन सकिन्छ । सबैलाई शिक्षा दिएर मानव जीवनलाई समान बनाउन सकिन्छ। त्यसैगरी मानव-समाजको विकास र समृद्धिका लागि श्रम (बौद्धिक र शारीरिक) अनिवार्य छ, यसलाई फेर्न सकिँदैन तर एक वर्गले अर्कोलाई शोषण उत्पीडन गर्ने, कोही सुखी, कोही दुःखी हुने, कोही अर्बपति, कोही भीखमङ्गा हुने विशेषतालाई फेर्न सकिन्छ । तर यी विशेषताहरू स्वतः फेरिन्छन् भन्ने भने होइन, त्यसका लागि सबैभन्दा पहिलो सर्त मान्छेलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण र ज्ञानद्वारा सुसज्जित गर्नुपर्छ। त्यो अवसर आज मार्क्सवादी दर्शनले श्रमिकवर्गलाई उपलब्ध गराइसकेको छ । यस सन्दर्भमा लेनिनले भन्नुभयो, 'मार्क्सवादी दर्शन एउटा सम्पूर्णतः दार्शनिक भौतिकवाद हो, जसले मानवजातिलाई, विशेषतः श्रमिकवर्गलाई ज्ञानका शक्तिशाली उपकरणहरू प्रदान गरेको छ', (लेनिन, सङ्कलित रचनाहरू, हिन्दी खण्ड ४, मार्क्सवादका तीन स्रोत तथा तीन सङ्घटक अङ्ग, पृ. १९५)।

भौतिकवादको विकास नहुँदासम्म पृथ्वीको उत्पत्ति र यसको अस्तित्वबारे सही ज्ञान थिएन । ज्ञान नहुँदा यसलाई मानवअनुकूल बनाउने र परिवर्तन गर्ने कल्पना पनि थिएन। उदाहरणार्थ, हिन्दु धर्मअनुसार पृथ्वीलाई भगवान्ले बनाएका हुन् र यसलाई भीमले बोकेर राखेको विश्वास गरिन्थ्यो । युरोपमा कछुवाको पीठमा पृथ्वी अडेको मानिन्थ्यो (हकिन्सले उल्लेख गरेअनुसार)। एसियामा सर्पको मुखमा बसेको ठानिन्थ्यो तर पछि भौतिक विज्ञानले पत्ता लगायो कि पृथ्वीको उत्पत्ति चार अर्ब वर्षपहिले महाविस्फोटबाट भएको हो, पृथ्वी ब्रह्मान्डीय गुरुत्वाकर्षणको नियमअनुसार अडेको छ र चलिरहेको छ। यसले दुनियाँलाई पूरै नयाँ ठाउँमा पुर्‍याइदियो। त्यसैगरी पहिले गरिब र धनी हुनुमा भाग्यको लेखा वा भगवान्को देन मानिन्थ्यो तर जब समाज विकासको नियमलाई भौतिकवादी कोणबाट बुझाइयो, तब गरिब-धनी हुनुमा आर्थिक उत्पादनमा कायम हुने स्वामित्वको भूमिका मुख्य छ भन्ने पत्ता लाग्यो । गरिब-धनी हुनुको कारण पत्ता लगाइसकेपछि मान्छेले मान्छेलाई ठग्न र शोषण गर्न पाइँदैन भन्ने मान्यता स्थापित हुन पुग्यो । सचेततापूर्वक शोषण, उत्पीडन र पुँजीवादको अन्त्य गरेर मानवजातिलाई शोषणविहीन समाजवादी व्यवस्थातिर लान सकिन्छ भन्ने विश्वास भयो र त्यसका लागि क्रान्ति गर्न थालियो । वस्तुलाई बुझ्न र बदल्न सकिने भएकाले नै विज्ञानका नयाँनयाँ अनुसन्धान र विकास सम्भव भएका छन्। मानव अन्तरिक्षदेखि अर्को ग्रहसम्म पुग्न सक्नुको कारण पनि यही हो। श्रमिकवर्गले विभेदकारी दुनियाँलाई बुझ्न र परिवर्तन गर्न सक्छ भन्नुको ज्ञान पनि यही हो। समग्रमा हेर्दा मानव-दुनियाँलाई नयाँ स्थानमा पुर्‍याउनमा द्वन्द्वात्मक भौतिकवादी दर्शनको योगदान निकै महत्वपूर्ण रहेको छ।

# एकीकृत जनक्रान्तिको दस्तावेज बोकेर लेनिनको देशमा



अशोक सुवेदी

*'साम्राज्यवाद भनेको सर्वहारा समाजवादी क्रान्तिको पूर्वसन्ध्या हो ।'*

**लेनिन**

संस्मरण/डायरी — सन्दर्भ लेनिन दिवस

नोभेम्बर ७, २०१७ मा लेनिनग्राद (हाल सेन्टपिटर्सबर्ग) मा अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा आयोजित महासम्मेलन र त्यसको भोलिपल्ट आयोजित रात्रीकालीन विशेष सम्मेलनपछि आयोजक समितिका सचिव कमरेड दिमित्री कोस्चेन्को हामीबाट बिदा भइसकेका थिए । तर उनी युरोपकै अर्को कुनै मुलुकमा पुगिसकेका छन् भन्ने कुरा हामीलाई हाम्रो यात्राको अन्तिम दिन मात्र कमरेड भादिमले .सुनाए । रुस यात्राका क्रममा लेनिनग्राद बसाइको अन्तिम दिन तर हाम्रो यात्राको एउटा अत्यन्तै महत्वपूर्ण कार्यक्रम बाँकी नै थियो । नेपालबाट मैले लगेको जम्बो सुटकेसभित्रको ३२ केजी सामान के होला भन्नेमा धेरैलाई अनुमान थिएन, थाहा थियो त उनै दिमित्री र नेपालबाट गएका कमरेड भीम भारतीलाई । किनकि उनीहरू यो गह्रौं झोलाभित्रको सामान बोक्नेमा अग्रपङ्क्तिमा थिए । मैले केही साथीलाई मात्र सुटुक्क भनेको थिएँ- यो गह्रौं सामान र भारी हामी अन्तिम दिन संसारभरबाट आएका कम्युनिस्ट पार्टीका नेताहरूका बीच फुकाउनेछौं र वितरण गर्नेछौं । तर यसभित्र केके छ भन्ने कुरा भने मलाई मात्र थाहा थियो ।

कमरेड भादिमले अन्तरक्रियाका लागि जब हामीलाई एउटा भव्य हलमा पुऱ्याए, मैले धमाधम आफ्ना गह्रौं पोकापुन्तुराहरू फुकाउन सुरु गरेँ । अन्य देशका अतिथिहरू भेला हुनुअघि नै हामीले हलमा रहेका स्ट्यान्ड (अड्याउने) हरूलाई प्रयोग गर्दै पुस्तक लोकार्पण र अन्तरक्रियाका लागि लगिएका ब्यानरहरू फुकाएर टाँसिसकेका थियौं । तीनचारवटा टेबुलहरु जोडठेर सबै पुस्तक र प्रकाशनहरु फिँजाइसकिएको थियो । एउटा ब्यानर नेपाल-कोरिया लेखक/पत्रकार मञ्चको थियो । यो ब्यानरमा नेपाल कम्युनिस्ट पार्टीका आदरणीय महासचिव कमरेड विप्लवद्वारा रचित 'एकीकृत जनक्रान्ति' ग्रन्थको तेस्रो संस्करण लोकार्पण हुँदै थियो र त्यो पनि संसारभरबाट उपस्थित क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेताहरूको हातबाट । यात्राभर नखोलिएको झोलामा रहेको गह्रौं वस्तु त्यही एकीकृत जनक्रान्ति पुस्तक थियो । मेरो सम्पादन र अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहको प्रकाशन रहेको नेकपाका महासचिव कमरेड विप्लवको एकीकृत जनक्रान्ति ग्रन्थको तेस्रो संस्करण झन्डै आठ सय पृष्ठको छ र यसको भौतिक तौल मात्र पनि करिब एक किलोबराबर छ । नेपालबाट विकसित वर्गसंघर्षको नयाँ मोडेल एकीकृत जनक्रान्ति हाम्रा लागि मात्र होइन, क्रान्तिकारी कम्युनिस्ट आन्दोलन विकास हुन नसकेका र क्रान्तिको नयाँ कार्यदिशाको अभावमा रुमल्लिरहेका सबै देशका कम्युनिस्ट पार्टीका नेताहरूका लागि रुचि, चासो र आवश्यकताको विषय थियो । त्यही सोचेर अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा लेनिनग्रादमा आयोजित महासम्मेलनमा उक्त पुस्तक लोकार्पण र परिचर्चा गर्ने उद्देश्य राखिएको थियो ।

मैले लेनिनग्राद-स्टालिनग्रादमा लोकार्पण र परिचर्चाका लागि बोकेका पुस्तक र पत्रिकाहरूको पोको कहिले दिमित्री र कहिले निकोलाईले पालैपालो गरी बोकेर कमरेड्ली माया देखाएका थिए । लोकार्पणका लागि खोलिएको पोकोमा अन्य सामग्री थिए- नेकपाका स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' ले गतसाल प्रकाशन गर्नुभएको अक्टोबर क्रान्तिको शतवार्षिकीसम्बन्धी पुस्तिका, नेकपाले अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा प्रकाशित गरेको ब्रोसर (पर्चा), रातो खबर साप्ताहिकको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेष अङ्क, नागरिक समाजले अक्टोबर क्रान्तिको शतवार्षिकीका अवसरमा प्रकाशन गरेको विशेष पर्चा, मैले २१ वर्षदेखि सम्पादन/प्रकाशन गर्दै आएको नौलो बिहानीको अक्टोबर क्रान्तिको शतवार्षिकी विशेषाङ्क, नौलो बिहानीकै साम्राज्यवादविरुद्ध जनगणतन्त्र कोरिया र थबाङ महाधिवेशन विशेषाङ्क, जनगणतन्त्र कोरियाको दोस्रो यात्रापछि मैले लेखेको शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा (संस्मरणसङ्ग्रह), आमा काव्य, रामप्रसादको सिसमहल (कथासङ्ग्रह), सिर्जनाभूमि (साहित्यिक इतिहास), विद्यार्थीनेता कमरेड पूर्णबहादुर सिंहले लेख्नुभएको र नेपाल-कोरिया लेखक-पत्रकार मञ्चले प्रकाशन गरेको जनगणतन्त्र कोरिया यात्रासम्बन्धी पुस्तक वैज्ञानिक समाजवाद र जनगणतन्त्र कोरिया, कवि अतृप्त पाण्डेयको कवितासङ्ग्रह समयसित रुमाल छैन...लगायत । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै मेरो लगेज ३२ केजी भएको र २० केजीभन्दा बढी लग्न नपाइने भनेर १२ केजी पुस्तक निकाल्न लगाइएको थियो सुटकेसबाट । एउटा योजना र कार्यक्रमसहित तय गरेर बोकेका पुस्तकको तौल बढी भयो भन्दैमा म किन छाड्थें र एयरपोर्टमै । विशेष शुल्क तिरी अर्कै प्याकेट बनाएर मैले त्यसलाई दोस्रो लगेज बनाएको थिएँ । मस्को झर्दासम्म पनि कयौं सहयात्रीहरू मेरो पुस्तकमोह र दुईवटा गह्रौं लगेजप्रति व्यङ्ग्य र टिप्पणी गर्दै थिए तर मैले कुनै सामान बाटामा छोडिनँ । त्यसलाई गन्तव्यमा पुऱ्याउन सहयोग गरिरहेका थिए दिमित्री र निकोलाई । यात्रामा हिमलाल पराजुली, भीम भारती र सुरेश पोखरेलको पनि केही साथ पाएको थिएँ पुस्तक बोक्न । भारतीले त आफ्नो झोला नै च्यातिने गरी पुस्तक राखेर घिसारेका थिए ।

पहिले हामीले धमाधम पुस्तकहरू लोकार्पण गर्न आरम्भ गऱ्यौं । कहिल्यै पुस्तक लोकार्पण गर्ने बानी नपरेका विभिन्न देशका कम्युनिस्ट पार्टीका नेताहरूलाई हामीले पुस्तक समाउने र देखाउने तरिका पालैपालो सिकायौं । रुस, जापान, बेलायत, पोल्यान्ड, हँगेरीदेखि ब्राजिल र पेरूसम्मका मार्क्सवादी लेनिनवादी माओवादी कम्युनिस्ट पार्टीका नेताहरूले नेपाली भूमिमा लेखिएको एकीकृत जनक्रान्तिको कार्यदिशाका दस्तावेजहरू लेकार्पण गरे । सभामा गम्भीरता प्रदर्शित भयो । कमरेड हिमलाल पराजुली र माणिक लामाले ती पुस्तकहरू केके विषयमा लेखिएका छन् भन्ने परी लगाउँदै गए । सबैभन्दा बढी चर्चा एकीकृत जनक्रान्ति पुस्तकको भयो र त्यसपछि अरूअरू पुस्तक, पत्रिका र पर्चाहरूको । पुस्तकको सार खिच्दै कमरेड हिमलालले एकीकृत जनक्रान्ति नै आजको कम्युनिस्ट आन्दोलनको नयाँ कार्यदिशा भएकाले संसारमै मुर्झाइरहेको कम्युनिस्ट आन्दोलनका लागि यो नयाँ दस्तावेज हो भन्दा रुसदेखि जनगणतन्त्र कोरिया र दक्षिणकोरियासम्मका कम्युनिस्ट पार्टीका नेताहरू धेरै गम्भीर भएको देख्न पायौं । कमरेड भादिम नयाँ कुरा फेलापारेझैं फुलेल देखिन्थे । ब्राजिल र पेरुका कमरेडहरु पुस्तकलाई अंग्रेजी भाषामा रुपान्तरण गरिदिन सुझाइरहेका थिए । संयोगले उक्त कार्यक्रमकै अवसर पारेर रुस र जापानका कम्युनिस्ट पार्टीले जुछे विचारका बारेमा बहस चलाएका थिए । एकीकृत जनक्रान्ति संसारका सबै संघर्ष र क्रान्तिहरुको अध्ययन, विश्लेषण र संश्लेषणपछि जन्मिएको र रुस र चीनमा प्रयोग भएको क्रान्तिको मोडेलको जगमा उभिएको नयाँ मोडेल हो भनेपछि किम इल सुङको जुछे विचारका अनुयायीहरु पनि प्रभावित भएको अनुभूति गऱ्यौं ।

त्यसपछि हाम्रो अर्को ब्यानरको काम सुरु भयो । अर्को ब्यानर थियो हामीले महासम्मेलनभर यात्रा र जुलुसहरूमा हजारौं मानिसहरूका बीच प्रदर्शित गरिसकेको तर सोही दिन आयोजित 'महान् अक्टोबर क्रान्तिको शतवार्षिकी तथा लेनिनका योगदानहरू' विषयक अन्तरक्रियाको । सबैभन्दा पहिले हामीले जनगणतन्त्र कोरियामा जस्तै लेनिनग्रादमा



*लेनिनग्रादमा पुस्तकहरु लोकार्पण गरिंदै*

पनि नेपाल-रुस लेखक/पत्रकार मञ्च घोषणा गऱ्यौं । मञ्चमा नेपाल र रुसका क्रान्तिकारी कम्युनिस्ट पार्टीका नेता, लेखक र पत्रकारहरू पनि सामेल भए । उनीहरू हाम्रो तयारी देखेर धेरै खुसी पनि भए । त्यसपछि हाम्रो ब्यानरको विषयवस्तुमाथि नेपालका माणिक लामा, प्राडा सुरेन्द्र केसी, प्राडा गोपाल शिवाकोटी चिन्तन, म, हिमलाल पराजुली र अतिथिहरूमध्ये रुस, जापान, ब्राजिल, बेलायत, पेरुलगायत मुलुकका प्रतिनिधिले आआफ्नो मन्तव्य व्यक्त गरे ।

त्यसपछि हामीले संसारभरबाट महान् लेनिन-स्टालिनको भूमिमा उपस्थित भएर लेनिन-स्टालिनका योगदानहरूलाई आत्मसात गर्ने प्रतिबद्धता जनाइरहेका अतिथिहरूलाई लोकार्पित पुस्तक र पत्रिकाका प्रतिहरू उपहारका रूपमा वितरण गऱ्यौं । नेपाली जनक्रान्तिको एउटा शक्तिशाली बिम्ब थबाङको चिनो 'थबाङ' लेखिएको झोला रुसी क्रान्तिकारीहरूलाई प्रदान गर्दा उनीहरू धेरै नै भावुक र स्तब्ध भए । लगत्तै उनीहरूले विरलै मात्र अतिथिहरूले प्राप्त गर्ने 'सोभियत बेल्ट' मलाई प्रदान गरे । सोभियत बेल्ट पहिऱ्याइदिँदै कमरेड भादिमले भने, 'कमरेड अशोक, यो दुर्लभ व्यक्तिले मात्र प्राप्त गर्ने सम्मान हो । तपाईंहरू सच्चा लेनिनवादी भएकाले मात्र यो सम्मान प्राप्त गर्नुभएको हो । यो कुरा कहिल्यै नभुल्नुहोला र यो बेल्टलाई जोगाएर राख्नुहोला...।' मैले उनलाई भनेँ, 'नेपाली क्रान्तिको एक सामान्य प्रतिनिधिलाई तपाईंहरूले यति ठूलो जिम्मेवारी सुम्पिनुभएको छ, यो हामी कदापि भुल्नेछैनौं । म यो उपहारका बारेमा मेरो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीलाई जानकारी गराउनेछु ।'

लारिसा रुद्दिना थबाङ लेखिएको नेपाली क्रान्तिको चिनो आफ्नो पार्टीमार्फत रुसका क्रान्तिकारीहरुलाई समर्पित भएको र त्यो आफूले ग्रहण गर्न पाएकोमा धेरै नै पुलकित देखिन्थिन् । उनले सोधिन्, 'तिमीले कसरी प्राप्त गरेका थियौ यो झोला ?' मैले भनेँ, 'हाम्रो गौरवशाली पार्टीको आठौं महाधिवेशन क्रान्तिको एक अभेद्य किल्ला थबाङमा भएको थियो । हामी महाधिवेशन प्रतिनिधिका रुपमा सहभागी थियौं । हामीले सेल्टर लिएको घरकी क्रान्तिकारी महिला कमरेडले आफ्नो हातले बुनेको यो झोला एकीकृत जनक्रान्ति सम्पन्न गर्ने उद्देश्यले मलाई दिएकी थिइन् ।' मैले उक्त झोला एक हजार रुपैयाँमा किनेको कुरा उनलाई सुनाइनँ । उपहारमा प्राप्त भएको भनिदिएँ । उनी मक्ख परिन् । जे होस् थबाङ नेपाली क्रान्तिको एउटा बिम्ब हो । महान् अक्टोबर क्रान्तिको शताब्दी महासम्मेलनका अवसरमा एकीकृत जनक्रान्ति पुस्तक थबाङ झोलामा राखेर हस्तान्तरण गर्न पाउँदा गौरवान्वित भएको अनुभूति भयो ।

...

हामी मार्क्सवादी लेनिनवादी माओवादीहरू उत्साहपूर्वक लेनिन दिवस मनाइरहेका छौं । लेनिन दिवस मनाउनुको अर्थ र औचित्य लेनिनका योगदानहरू अंगीकार गर्नुमा छ । यद्यपि संशोधनवादी दलाल र गद्दारहरू पनि रगतले लतपतिएको रातो रङ पोतिएको कम्युनिस्ट पार्टीको झन्डाको दुरूपयोग गर्दै लेनिनको तस्बिरलाई जथाभाबी चलाइरहेका छन् तर पनि मार्क्सवादको पहिलो सफल प्रयोगकर्ता र संसारमै वैज्ञानिक समाजवादको लहर ल्याउन सक्षम महान् व्यक्तित्व लेनिनका योगदानहरूको स्मरण गर्नु हामी क्रान्तिकारीहरूको अनिवार्य कर्तव्य, दायित्व र अभिभारा हो ।

# दाङमा बृहत् जनसांस्कृतिक कार्यक्रम

एकीकृत जनजागरण अभियानमाअन्तर्गत दाङको बिजौरी बाँसगढीमा बृहत् जनसांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । नेपाल कम्युनिस्ट पार्टीको सांस्कृतिक टोली जलजला जनसांस्कृतिक परिवारले दाङमा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको हो ।

कलाकारहरूले 'सलाम तिमीलाई, सहिद तिम्रा सपना बाँकी छन् पूरा गर्नलाई, एकीकृत जनक्रान्तिको विगुल फुकेर, आयौं हामी हिमाल पहाड तराई उठेर, उठ अब अन्तिम युद्ध लड्नुपर्नेछ' जस्ता जोसिला क्रान्तिकारी गीत तथा नृत्यहरू प्रस्तुत गरेका थिए । साथै सांस्कृतिक कार्यक्रममा 'हिजो ती दिन सम्झेर रुनु हुँदैन जुनेली दिदी शीर्षकको टप्पा, मारुनी, ठाडे भाकाका गीत नाच प्रस्तुत गर्नुका साथै कार्यक्रममा स्थानीय निकायले निर्धारण गरेका सबै किसिमका कर र स्थानीय जनप्रतिनिधिहरू आएपछि अत्यधिक वृद्धि गरिएको चर्को करले जनतालाई सास्ती दिएको यथार्थ घटनामा आधारित सन्देशमूलक नाटक प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा बेपत्ता परिवार समाजका केन्द्रीय अध्यक्ष रामबहादुर थापा 'सुन्दर' नेपाल कम्युनिस्ट पार्टीका तुलसीपुर उपमहानगरपालिकाका इन्चार्ज किरण डाँगी, अखिल नेपाल गणतान्त्रिक खेलकुद महासङ्घका केन्द्रीय सदस्य रुद्र वली, नेकपाका बिजौरीका इन्चार्ज मदन केसीलगायतले कार्यक्रममा मन्तव्य राखेका थिए । बिहीबार भएको कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) का जिल्ला सचिव अमर खड्काले गरेका थिए । जनसत्ता निर्माण गर्दै अघि बढौं, दलाल सत्तालाई खारेज गरौं, जनजागरण अभियान सञ्चालन गरौं, क्रान्तिका पाँच आधारलाई सुदृढ गरौं भन्ने नाराका साथ त्यस क्षेत्रमा जनजागरण तथा जनप्रतिरोध अभियान चलिरहेको छ ।

# सहिद तथा बेपत्ता परिवारको राष्ट्रिय सम्मेलन सम्पन्न

## दलालहरू कम्युनिस्ट सिध्याउन सक्रिय : सन्तोष

■ जानकी दहित/दाङ

सहिद तथा बेपत्ता परिवार समाजको राष्ट्रिय सम्मेलन दाङको घोराहीमा सम्पन्न भएको छ । सम्मेलनलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य सन्तोष बुढामगर 'विषम' ले नेपाली जनतालाई झुक्याउन कम्युनिस्टको खोल ओढेका नवदलालहरू वास्तविक कम्युनिस्टलाई सिध्याउन सक्रिय भएको बताए । उनले एमाले र माओवादी केन्द्र सामाजिक दलाल पुँजीवादी भएको बताउँदै एकीकृत जनक्रान्तिको माध्यमबाट सहिदहरूका सपना साकार पार्न आफ्नो पाटी अघि बढिरहेको बताएका छन् । नेता विषमले क्रान्ति सम्पन्न नहुँदै प्रचण्ड-बाबुरामहरू पुरानै व्यवस्थामा गएर क्रान्तिलाई धोका दिएकाले आफ्नो पार्टी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न एकीकृत जनक्रान्तिको बाटोमा अघि बढिरहेको वताए ।

सम्मेलनमा नेकपाका पोलिटब्युरो सदस्य एवम् सहिद संगमका दाइ ओम पुन 'निर्माण' ले आफ्नो पार्टीले सहिदको सम्मान गर्न क्रान्ति सम्पन्न गरेर जनताको व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरेरै छोड्ने अठोट व्यक्त गरे । अर्का पोलिटब्युरो सदस्य वीरजङ्गले अन्याय, अत्याचार, विभेदका विरुद्ध बगेको सहिदहरूको रगत कुनै वस्तुसँग तुलना गर्न नमिल्ने बताउँदै प्रचण्ड-बाबुराम हिजोको पुरानै राज्यसत्तामा गएर सहिदहरूलाई अपमान गरेको बताए । सोही पार्टीका केन्द्रीय सदस्य शीतलले सहिदहरूको रगतको मूल्य चुक्ता गर्न सहिदहरूले देखाएको बाटोमा लामबद्ध भएकाले सहिदहरूको सपना पूरा गरिछाड्ने सङ्कल्प व्यक्त गरे ।

सहिद तथा बेपत्ता परिवारहरूको राष्ट्रिय सम्मेलनले सहिद परिवार समाजकी खुमा सुवेदीको अध्यक्षतामा १९ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ । उपाध्यक्षमा मोहम्मद आदम, सचिवमा जया पौडेल, कोषाध्यक्ष ऐना धमला र सदस्यहरूमा बहादुर बस्नेत, प्रेम शाही, शोभा आचार्य, अन्जु कुमाल, हेमन्ता बुढाथोकी, हरि मल्ल भाष्करलगायत रहनुभएको छ । यस्तै रामबहादुर थापा सुन्दरको अध्यक्षतामा ११ सदस्यीय बेपत्ता परिवार समाज केन्द्रीय समिति चयन गरेको छ । जसको महासचिव नवराज ढुङ्गाना र कोषाध्यक्ष सोममाया विक रहनुभएको छ । सदस्यहरूमा जानुका सेढाईं, रत्न घिमिरे, हरिमाया विक, गणेश बोगटी, सुशीला चौधरी रहनुभएको छ ।

सम्मेलनको उद्घाटन सत्रमा नेकपाका केन्द्रीय सदस्य तथा राप्ती ब्यूरो इन्चार्ज सुवास, सहिद परिवार तथा महाकाली ब्युरो इन्चार्ज सम्झना घर्ती, सहिद परिवार तथा दलित मुक्ति मोर्चाका केन्द्रीय उपाध्यक्ष सीता विक, विजय, सहिदका दाइ सुन्दर वली, योगेश बुढाथोकीलगायतले शुभकामना मन्तव्य दिएका थिए । बेपत्ता परिवार समाजका केन्द्रीय अध्यक्ष रामबहादुर थापा सुन्दरको अध्यक्षता र सहिद परिवार समाजका अध्यक्ष खुमा सुवेदीको सञ्चालनमा सम्पन्न सम्मेलनमा नवराज ढुङ्गानाले स्वागत भाषण गरेका थिए ।

## क्रसर र ...

स्काभेटर जलेर नष्ट भएको छ । मधुमल्ला र झापाको दमकबजार जोड्ने उक्त पुलको लागत २७ करोड रहेको छ । सोही निर्माण कम्पनीले झापाकै राजघाट र दमक बजार जोड्ने सोही खोलाको अर्को पुल २५ करोड लागतमा निर्माण गरिरहेको छ ।

उता इलामको चुलाचुली गाउँपालिकाको कार्यालयमा बम विस्फोट भएको समाचार छ । शनिबार साँझ भएको विस्फोटबाट भवनमा क्षति पुगेको बताइएको छ । आगजनी र बम विस्फोटन कसले गराएको भन्ने थाहा हुनसकेको छैन ।

## नेपाल कम्युनिस्ट ...

अरू कदम चाल्न सकेन । सरकारले चाहने हो भने युरोपियन युनियनका कर्मचारीहरूलाई स्पष्टीकरण लिने देशनिकाला गर्नेजस्तो कारबाही गर्न सक्दछ ।

यस्तै हालै मात्र अमेरिकी दूतावासले स्थानीय समूहहरूबाट खतरा रहेको भनी सुरक्षा निकायको हवाला दिँदै आफ्ना नागरिकलाई चन्द्रागिरि केबुलकार नजान आह्वान गरी नेपालको आन्तरिक मामलामा हस्तक्षेप गरेको छ । नेपालस्थित अमेरिकी दूतावासले आफ्ना नागरिकलाई चन्द्रागिरि केबुलकारसहित काठमाडौं वरपरको क्षेत्रमा घुमफिरमा नजान 'ट्राभल एड्भाइजरी' जारी गरेको भन्ने समाचार केही दिन पहिले काठमाडौंबाट सञ्चालित अनलाइन अर्थ सरोकार डटकममा छापिएको थियो । उक्त समाचारमा भ्रष्टाचारकाण्डमा मुछिएका आन्तरिक राजस्व विभागका पूर्वमहानिर्देशक चूडामणि शर्माको घरमा तोडफोड गर्ने विप्लव नेतृत्वको नेकपाले चन्द्रागिरिलाई टार्गेटमा राखेको भन्ने झूटो विवरण उल्लेख छ जब कि नेकपाका युवाहरू काठमाडौं वरपर मात्र नभएर देशव्यापी जनजागरण अभियानमा छन् ।

आजभोलि उद्योगधन्दा, कलकारखाना र व्यवसायीहरूलाई विभिन्नखालका ब्यक्ति र समूहले चन्दा माग्ने र विप्लवको पार्टीको मान्छे हुँ भन्दै धम्क्याउने गरेका खबरहरू प्राप्त भइरहेका छन् । विप्लवका नाममा अन्य विभिन्न व्यक्ति र समूहबाट चन्दा असुल्ने र धम्क्याउँदै बन्दुक र बमले त्रास देखाउने गरेको पाइन्छ । यस विषयमा आफ्नो पार्टीलाई बदनाम गराउने कार्यदेखि नेकपा पनि सजग रहन जरुरी छ । बिहीबार मात्र विप्लवका नाममा दुई करोड माग्ने तरुण दलको महाधिवेशन प्रतिनिधिलाई प्रहरीले पक्राउ गरेको छ । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता हुँ भन्दै जग्गा व्यवसायीबाट दुई करोड रुपैयाँ मागेको आरोपमा काङ्ग्रेस निकट तरुण दलका महाधिवेशन प्रतिनिधिसहित चारजना पक्राउ परेका छन् । उनीहरूलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोलीले काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेको हो । यस घटनामा संलग्नहरूले भारतको दिल्लीमा गएर भारतीय नम्बरबाट एसएमएस गरी गोरखा सुलीकोट घर भई काठमाडौंको नयाँ बजारमा बसोबास गर्ने जग्गा व्यवसायीलाई धम्की दिँदै रकम नदिएमा घर बमले उडाइदिने र ज्यान मार्ने भन्दै धम्क्याएका थिए । अहिले विप्लवले नेतृत्व गरेको नेकपाका नाममा ठूलो रकम लिने व्यक्तिहरू सक्रिय रहेको बताइन्छ । त्यसैले पनि विप्लवले नेतृत्वको नेकपाको बढ्दो राजनीतिक प्रभावलाई प्रयोग गरेर आफ्नो फाइदा लुट्ने व्यक्ति र समूहप्रति नेकपाले आवश्यक निगरानी गर्न जरुरी देखिन्छ । नत्र डरधम्की देखाएर चन्दा असुली गर्ने मात्र नभई हत्या, आतङ्क र हिंसात्मक गतिविधि गरी उक्त पार्टीलाई बदनाम गराउने व्यक्ति र समूहहरू सक्रिय हुन सक्छन् ।

## भारतका चार ...

कुरा गर्न नसकेको पनि बताउनुभयो । सीमाविद् बुद्धिनारायण श्रेष्ठले नेपालका ७१ स्थानको ६० हजार ६ सय २० हेक्टर जमिन भारतले मिचेको बताउनुभयो । लिपुलेकलगायत सीमा मिचिएका स्थान फिर्ता गर्नेबारेमा ओलीले कुरै नउठाएको उहाँले बताउनुभयो । अर्थविद् एवं पूर्वगभर्नर तथा योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले प्रश्न गर्नुभयो, 'महाकाली सन्धि संसद्बाट पारित हुँदै गर्दा केपी ओलीले वर्षको १२ खर्ब भारतले नेपाललाई दिने भएको छ, किन नेपालीले बुझ्दैनन् भनेका थिए । अहिले खै कति पैसा आयो ?'

त्यसैगरी परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले सबै असमान सन्धिसम्झौता खारेज गरी पञ्चशीलका आधारमा नयाँ सन्धि गर्नुपर्ने बताउनुभयो ।

चलचित्र समीक्षा

# जीवन्त प्रस्तुति : द थ्योरी अफ एभ्रिथिङ



गुणराज लोहनी




> cGt/f{i6o rnlrq If]qdf lj1fg;DaGwL rnlrqx¿ t ag]sf 5g t/ lj1fgsf] cflji\sf/ / vf]hk|lt k0f{ O{dfgbf/ /xL ag]sf] rnlrq of]dfq xf]h ;n] eflts jfbnf0{ :yflkt dfq u/]sf]5g ls yk JofVof vf]h klg u/]sf]5 . l:6lkmgsf] eflts jfbdflysf] ljsf;nf0{o; rnlrqsf] ljoif ePsfn]; Rrf dfS;{jfbLx¿sf nflu vf]h, cg';Gwfg / ljsf; ug{ d2t ub{5 .

७ नोभेम्बर २०१४ मा अमेरिकाबाट प्रदर्शन सुरु भएर एक सातामा नै विश्वका चर्चित ८ सय २ वटा चलचित्र हलका प्रदर्शनबाट १२ करोड २८ लाख ७३ हजार ३ सय १० अमेरिकी डलर कमाउन सफल भएको अङ्ग्रेजी चलचित्र द थ्योरी अफ एभ्रिथिङको प्रदर्शन फेरि सुरु भएको छ। १ करोड ५० लाख अमेरिकी डलरको लगानीमा बनेको चलचित्र पहिलो प्रदर्शन हुँदै गर्दाभन्दा बढी अहिले चर्चामा रहेको छ। स्टिफिन हकिङकी जीवनसँगिनी जेन हकिङद्वारा लिखित पुस्तकका आधारमा एन्थोनी एमसी कार्टनको स्त्रिन प्ले र जेम्स मार्सको निर्देशनमा बनेको उक्त चलचित्रमा त्यसका मुख्य पात्र स्टिफिन हकिङको भूमिकामा चर्चित हलिउड कलाकार इडिइ रेडम्यान र स्टिफिनकी प्रेमिका वा श्रीमती जेन हकिङको भूमिकामा फ्यालिसिटी रहेकी छिन् ।

चलचित्र द थ्योरी अफ एभ्रिथिङको प्रसङ्ग ल्याउन र सामान्य समीक्षा गर्न खोजिएको छ । यो चलचित्र प्रदर्शनमा आएको ४ वर्षपछि किन अहिले समीक्षा गर्न खोजियो त ? यो प्रश्न उठ्न सक्दछ । जसको जीवन र आविष्कारका आधारमा यो चलचित्र बनाइएको छ ती व्यक्ति स्टिफिन हकिङको गएको १४ मार्च २०१८ मा ७६ वर्षको उमेरमा मृत्यु भएको छ। स्टिफिन ज्युँदो रहँदा नै उनको जीवन र वैज्ञानिक खोजहरूका विषयलाई लिएर बनाइएको यो चलचित्रमाथि पहिलो प्रदर्शनकै समयमा धेरैले समीक्षा गरेका छन् । तीमध्येका म्याथ्यो टोमी, सिमन मिराउडो, सी.जे. जोनसन, सिमोन फोस्टर, जिम सेम्ब्री, लेइग प्याच, सेबेस्टियन जावाला काहन, मार्टिनेज, युरी क्लेन, रोबर्ट कोज्डेर, जोस टेरी, एन्जेलो मुरेड्डा रहेका छन् । यिनीहरूको समीक्षामा यो चलचित्रको प्रस्तुति, स्टिफिनको जीवनपद्धति, प्रविधि र कलाकारको अभिनयका पक्षहरू मात्रलाई बढी प्रस्तुत गरेका छन् । उनीहरूले यो चलचित्रले दिन खोजेको मुख्य पक्ष के हो भन्नेबारेमा खासै उठान गरेका छैनन् । उनीहरूको उठान भौतिकवादी सौन्दर्यशास्त्रीय दृष्टिकोणका आधारमा छैन । भौतिकवादी मान्छे र भौतिकवादी खोजलाई आधार बनाइएको चलचित्रलाई भौतिकवादी सौन्दर्यशास्त्रीय पद्धतिद्वारा मूल्याङ्कन गरिएन भने उक्त चलचित्रप्रति अन्याय त हुन्छ नै साथै भौतिकवादमा पछिल्लो क्रममा भएको विकासलाई नबुझ्नु पनि हुन जान्छ। त्यसैले असाध्यै सङ्क्षिप्तमा यहाँ उक्त चलचित्रको समीक्षाभन्दा पनि परिचय दिने कोसिस गरिएको मात्र हो। सौन्दर्यशास्त्रीहरूले अलि विस्तृत समीक्षा गर्लान् । यस चलचित्रको मार्क्सवादीय सौन्दर्यशास्त्रीय समीक्षा आवश्यक छ।

### चलचित्रको कथावस्तु

स्टिफिन र उनका साथी ब्राइन साइकल चढेर १९६३ मा क्याम्ब्रिज विश्वविद्यालयमा गएको दृश्यबाट चलचित्र द थ्योरी अफ एभ्रिथिङ सुरु हुन्छ। उनी भौतिकशास्त्रको पनि ब्रह्माण्डसम्बन्धी 'ब्रह्माण्डको विस्तारका विशेषताहरू' मा विद्यावारिधि गर्दै गरेका हुन्छन् । त्यही क्रममा उनको भेट जेनसँग हुन्छ र उनीहरूका बीचमा प्रेम सुरु हुन्छ । स्टिफिनलाई पीएचडीको थेसिस तयार पार्न सहयोग होस् भनेर उनका गुरुले एक दिन जे जे थोम्सनले इलेक्ट्रोनको खोज गरेको प्रयोगशालामा पुऱ्याइदिन्छन् । स्टिफिन त्यहीँ बसेर आफ्नो थेसिसलाई सूत्रबद्ध गर्ने कोसिस गरिरहेका हुन्छन् । उनले ब्ल्याकबोर्डमा चकले छिटोछिटो लेखिरहेका हुन्छन्। तर उनका औँलाहरूले राम्रोसँग चक समात्न सक्दैनन् । स्टिफिनलाई अप्ठ्यारो महसूस हुन्छ । उनी खोच्याउँदै बाहिर निस्किएका हुन्छन्। चौरमा पुगेपछि सिमेन्टको बाटोमा नराम्रोसँग पछारिन पुग्छन् । त्यहाँबाट उनीलाई उपचारका लागि अस्पताल भर्ना गरेर सबै परीक्षण गरिन्छ । परीक्षणबाट स्टिफिनलाई एमियो ट्रोफिकल ल्याटेरल स्क्लेरोसिस भन्ने मासंपेशी निष्क्रिय हुँदै जाने रोग लागेको रहेछ। उनका डक्टरले उनलाई उनका सबै मांसपेशीहरू काम नलाग्ने हुँदै गएर अबको २ वर्ष मृत्यु हुने कुराको जानकारी दिएका हुन्छन्। स्टिफिनले दिमाग के हुन्छ नि भनेर सोध्छन्। डक्टरले दिमागले काम गर्न सक्छ भन्ने जबाफ दिन्छन्।

२२ वर्षको उमेरमा नै यस्तो प्राणघातक रोग लागेपछि पर्ने मनोवैज्ञानिक प्रभावलाई चित्रित गरिएको छ। केही समयको विरक्ततापछि स्टिफिन फेरि आफ्नो अध्ययनमा लिप्त हुन पुग्छन् । शारीरिक रूपमा असक्त हुँदै गर्दा उनले विद्यावारिधि सक्छन् । त्यसको केही समयपछि उनलाई एउटा प्रवचनमा बोलाइएको हुन्छ। उनलाई श्रीमती जेनले ह्विलचियरमा हालेर प्रवचन कक्षमा पुऱ्याउँछिन् । त्यो प्रवचनमा देशविदेशका चर्चित वैज्ञानिकहरू उपस्थित भएका हुन्छन् । त्यहाँ उनले कृष्णविवरको बनावटका बारेमा लठेब्रो बोलीमा सकीनसकी आफ्ना धारणा पेस गर्दछन् । उनले पेस गरेका धारणाहरूलाई कैयौं वैज्ञानिकहरूले वाहियात भन्दछन् । तर एकजना पूर्वसोभियत सङ्घको विज्ञान प्रतिष्ठानका प्रोफेसर खालातिनकोभलाई स्टिफिनको धारणा ठीक लाग्छ । स्टिफिनले त्यहाँ कृष्णविवरको बनावटका बारेमा व्याख्या गरेका हुन्छन् । उनले कृष्णविवरहरूले विकिरण उत्सर्जन गर्ने भएकाले तिनीहरू तातो र प्रकाश पनि दिने हुन्छन् भनेका थिए। उनले कृष्णविवर विकिरण उत्सर्जन गर्छ भनी पत्ता लगाएकाले त्यो सिद्धान्तलाई हकिङ रेडिएसन भन्न थालिएको हो।

एकातिर उनका २ वटा बच्चाहरू जन्मिसकेका हुन्छन्। उनीहरूको भरणपोषण गर्नुपर्ने हुन्छ। अर्कोतिर स्टिसफन शारीरिक रूपमा एकदमै कमजोर भएका हुन्छन् । स्टिसफनको स्याहारसुसार गर्नुपर्ने हुन्छ। त्यस बेलासम्म स्टिफिन विश्वविख्यात भएका हुन्छन्। यी सबैको चाँजोपाँचो उनकी श्रीमती जेनले गर्नुपर्ने हुन्छ । त्यसैले जेन हैरान परेसान भएकी हुन्छिन् । यी सबै परिघटनाहरू स्टिफिनकी आमा इसावेल हकिङले हेरिरहेकी थिइन् । त्यसैले इसावेलले जेनलाई चर्चमा गएर सङ्गीत सिकेर आफ्नो विरक्ति र थकावट कम गर्न र ताजा बन्न सुझाव दिन्छिन् । जेनले चर्चबाट जानेथन भन्ने व्यक्तिलाई बोलाएर आफ्नै निवासमा गीत/सङ्गीत सिक्न थाल्छिन् । त्यही क्रममा जेनको हिमचिम जानेथनसँग बढ्दै जान थाल्छ । त्यही क्रममा जेनले अर्को छोरा जन्माउँछिन् । जेनलाई त्यो बच्चा स्टिफिनको नभएर जानेथनको भएको आरोप इसावेलले लगाउँछिन् ।

एकपटक एकजना नर्सको स्याहारसुसारमा स्टिफन बोर्डरमा एउटा कार्यक्रमका लागि गरिएको निमन्त्रणामा जान्छन् । त्यही क्रममा उनलाई निमोनियाले ग्रसित बनाउँछ । डक्टरले अप्रेसन गरेर मात्र उनलाई बचाउन सकिने तर अप्रेसनले उनको लठेब्रो बोली पनि गुमेर जाने भएकाले स्टिफिन सदाका लागि आवाजरहित हुन पुग्दछन् । उनको उपचार र स्याहारसुसारका लागि भनेर एलियन मासोन आइपुग्छिन् । स्टिफिनलाई जानेथन र जेनका बीचको सम्बन्धका बारेमा जानकारी हुन्छ। हिँडडुल गर्न नस्कने स्टिफिन बोल्न पनि नसक्ने भैसकेका हुन्छन् । बोल्न पनि नसक्ने भएपछि उनलाई टाइप गरेर बोल्ने कम्प्युटर जडान भएको ह्विलचियर उपलब्ध गराइन्छ।

त्यही क्रममा उनलाई अमेरिका बोलाइन्छ । चलचित्रको प्रस्तुतिका आधारमा स्टिफिनले जेन जानेथनबीचको सम्बन्ध भैराखोस् भन्नका लागि अमेरिका एलियनलाई लैजाने निर्णय गर्दछन्। त्यही क्रममा जानेथनसँग जेनको औपचारिक सम्बन्ध कायम हुन पुग्दछ। स्टिफिनले अमेरिकामा आफ्नो बहुचर्चित प्रवचन दिन्छन्। केही समयपछि उनी फेरि बेलायत फर्किन्छन् । एक दिन उनलाई बकिङ्घम दरबारबाट बोलावट आउँछ । स्टिफिनले जेनलाई पनि बोलाएका हुन्छन् । त्यहाँ उनीहरूका ३ वटै सन्तानसँग भेट हुन्छ र चलचित्र समाप्त हुन्छ।

### चलचित्रको वैचारिक पक्ष

स्टिफिन र उनले खोज गरेका भौतिकवादी सिद्धान्तमा आधारित तथ्यहरूका बारेमा विश्वमा विभिन्न दृष्टिकोणबाट व्याख्या गरिएको छ । उनी आइन्सटाइनपछिका सबैभन्दा प्रभावशाली र खोजकर्ता वैज्ञानिक मानिन्छन् । तर उनका बारेमा मार्क्सवादी दृष्टिकोणमा कुनै धारणा व्यक्त गरिएको छैन । उनले ब्रह्माण्डको उत्पत्ति, कृष्णविवरहरूको चरित्रका बारेमा पत्ता लगाए । त्यसैगरी ब्रह्माण्डमा रहेका सबै बलहरूलाई एकीकृत गर्न सकिन्छ भन्ने धारणा राख्दै गए । वास्तवमा यही सिद्धान्त नै द थ्योरी अफ एभ्रिथिङ हो । यी कुराहरूका बारेमा चलचित्रमा कलात्मक तरिकाले प्रस्तुत गरिएको छ। भौतिकवादीहरूका लागि सबैभन्दा महत्वपूर्ण कुरा उनले भगवान्का बारेमा खण्डनमण्डन गरेका छन् । चलचित्रका धेरै प्रसङ्गहरूमा भगवान्प्रति विश्वास नभएको धारणा व्यक्त गरेका छन् ।

चलचित्रमा अमेरिकामा उनले दिएको एउटा प्रवचन प्रस्तुत गरिएको छ । त्यसमा उनलाई सोधिएको छ, 'तपाईंले भगवान्प्रति विश्वास नभएको बताउनुभएको छ।'

स्टिफिन पात्रले उक्त प्रश्नको लामो उत्तर दिएका छन्। उनले उत्तरमा भनेका छन् :

तिमीसँग कुनै यस्तो जीवनदर्शन छ जसले तिमीलाई सहयोग गरोस् ?

हामी त अर्बभन्दा बढी तारापुञ्जहरूमध्येको औसत ताराको कक्षमा घुम्ने एउटा ग्रहमा बस्ने विकसित बाँदरको प्रजाति मात्र होऔँ। तर सभ्यताको उदयदेखि नै विश्वमा अन्तर्निहित मान्छेमा सुझबुझको चाहना रहेको छ। ब्रह्माण्डको सीमा परिस्थितिका बारेमा धेरै नै विशेष रहने गरेको छ। कुनै पनि सीमा नहुने ती के विशेषहरू हुन सक्छन् ...। मानव चाहनामा सीमारहित हुनका लागि के गर्नुपर्छ ? हामी सबै फरकफरक छौँ। खराब जीवन पनि देख्न सकिन्छ। तर पनि जहिले पनि सफलता पाउनका लागि केही न केही रहने गरेको हुन्छ। जहाँ जीवन हुन्छ, त्यहाँ आशा रहन्छ।'

अहिले विश्वमा धार्मिक कट्टरता बढेर गएको छ । मूलतः क्रिस्चियन, मुस्लिम र हिन्दुधर्मको अतिवादीकरण बढेर गएको छ। यिनै धर्मप्रति कट्टर हरूको ठूला र शक्तिशाली देशहरूमा सरकारहरू बन्ने गरेका छन् । धार्मिक कट्टरतामा मान्छे मारिराखिएका छन्। अझ अमेरिकामा त त्यो मात्रा झनै बढेको छ। त्यहाँको राष्ट्रपतिले बाइबल लिएर नै सपथ खानु पर्दछ । विश्वका धनी वैभवशाली भनिने देशहरूमा धार्मिक कट्टरता भएको बेलमा यो चलचित्रमा भगवान् छन् कि छैनन् भनी बहस गराइएको छ। मुख्य चरित्र पात्रले भगवान् नभएको तथ्यसहित पुष्टि गरेको यस चलचित्रमा देखाइएको छ। साथै ब्रह्माण्डसम्बन्धी आदर्शवादी धारणालाई पूर्ण रूपले खण्डन गरिएको छ । अझ राम्रो पक्ष भनेको स्टिफिनले उनको वास्तविक जीवनमा जेजे कुराको खोजी गरेर पत्ता लगाए ती वैज्ञानिक खोजहरूलाई दर्शकले बुझ्ने गरी चलचित्रमा प्रस्तुत गरिएको छ।

### अभिनयमा जीवन्तता

यो चलचित्र वास्तविक जीवनमा आधारित हो। तापनि जीवनलाई पर्दामा जस्ताको तस्तै उतार्न निकै गाह्रो हुन्छ । तर इडिइ रेडम्यान स्टिफिनको भूमिकामा सशक्त रूपमा उत्रिएका छन् । लाउँला र खाउँला भन्ने उमेरको २२ वर्षको केटो एकाएक जीवनमरणको लडाइँमा पुग्नु, डक्टरले उसको आयु केवल २ वर्ष तोक्नु, पूर्ण अपाङ्ग भएर पनि आफ्नो जीवनको लक्ष्य तय गर्नु र त्यसलाई पुऱ्याइछाड्न सबैखाले सङ्घर्षलाई चुनौती दिनु यस चलचित्रको असाध्यै सबल पक्ष हो।

अन्तर्राष्ट्रिय चलचित्र क्षेत्रमा विज्ञानसम्बन्धी चलचित्रहरू त बनेका छन् तर विज्ञानको आविष्कार र खोजप्रति पूर्ण इमानदार रही बनेको चलचित्र यो मात्र हो जसले भौतिकवादलाई स्थापित मात्र गरेको छैन कि थप व्याख्या खोज पनि गरेको छ। स्टिफिनको भौतिकवादमाथिको विकासलाई यस चलचित्रको वियष भएकाले सच्चा मार्क्सवादीहरूका लागि खोज, अनुसन्धान र विकास गर्न मद्दत गर्दछ । एउटा जीवन पूरै बोल्ने यो चलचित्रमा विज्ञान र भौतिकशास्त्रमा मात्र संवादहरू गरिएका छन्।

स्टिफिनको वास्तविक जीवन पढ्न उनले आफैँ लेखेको मेरो सङ्क्षिप्त इतिहास (My Brief History) पढ्नुपर्छ र उनको खोजका बारेमा जानकारी राख्न समयको सङ्क्षिप्त इतिहास (A Brief History Time) पढ्नुपर्छ । तर उनको खोज र जीवनी एकैचोटि जान्न चाहनेहरूले चलचित्र थ्योरी अफ एभ्रिथिङ हेर्नुपर्छ।

---

# वर्गीय मुक्तिबिना जातिय मुक्ति सम्भव छैन

रातो खबर संवाददाता/काठमाडौं

जुनसुकै समाजमा पनि वर्गीय मुक्तिबिना जातीय मुक्ति सम्भव नहुने एक कार्यक्रमका सहभागीहरूले बताएका छन् । दलित मुक्ति मोर्चा नेपालले सोमबार काठमाडौँको संवाद डबलीमा आयोजना गरेको 'वर्तमान दलित मुक्ति आन्दोलन र आगामी कार्यदिशा' विषयक कार्यक्रमका वक्ताहरूले यस्तो बताएका हुन् ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य एवम् केन्द्रीय जनसत्ताका उपप्रमुख पदम राई विकासले एकीकृत जनक्रान्ति पूरा भएपछि मात्र नेपालका दलित, श्रमिक तथा महिलाहरूको मुक्ति हुने बताए। कार्यक्रममा प्रमुख अतिथि रहेका नेता राईले भने, 'प्रचण्डले क्रान्तिमा दलाली र गद्दारी गर्दा राष्ट्र, वर्ग र जनताले खेपेको पीडा हामीले भुलेका छैनौँ । हामी श्रमिक, दलित, महिला, सर्वहारा किसान र मध्यम वर्गसमेतको साथ लिएर एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गर्दैछौँ ।'

वरिष्ठ अधिवक्ता एकराज भण्डारीले कानुनमा लेखेर मात्र दलित, महिला र श्रमिकवर्गको मुक्ति सम्भव नहुने बताए। विद्यमान दलाल संसदीय व्यवस्थामा सामाजिक, सांस्कृतिक, आर्थिक विभेद र उत्पीडन कायमै रहेकाले यो व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना भए मात्र श्रमिक वर्गको मुक्ति हुने भण्डारीको भनाइ थियो । यस्तै माओवादी केन्द्र (माके) बाट अलग भएर बसेका नेता एवम् साहित्यकार आहुतिले दलित समुदायका बारेमा परम्परागत रूपमा मार्क्सवादीहरूले गर्दै आएको व्याख्या र विश्लेषण फेरिनुपर्ने र कम्युनिस्ट पार्टीका हरेक समितिहरूको नेतृत्वमा दलितहरूलाई स्थापित गर्नुपर्ने बताए। महिला र जनजाति आन्दोलन एनजीओकरण भइसकेको तर दलित आन्दोलन त्यति धेरै भ्रष्टीकरण नभइसकेको दाबी उनले गरे । नेकपाकी नेत्री धीरेन्द्रा उपाध्याय भृकुटीले एकीकृत जनक्रान्ति नै सबै श्रमिक र उत्पीडित वर्गको मुक्तिको एक मात्र शक्तिशाली वैचारिक हतियार भएको बताइन् । दृष्टिकोण प्रस्ट नभएका नेताहरूले आन्दोलन सञ्चालन गर्दा विगतमा श्रमिक वर्गले धोका खानुपरेको तर अब भने त्यसो नहुने उनको भनाइ छ। मोर्चाका केन्द्रीय अध्यक्ष डम्बरबहादुर विकले प्रस्तुत गरेको अवधारणापत्रमा दलित आन्दोलनका क्षेत्रमा कार्यरत मोती नेपाली, डा. निर्मल विश्वकर्मा, डा. बुद्धि नेपाली, टीकाराम दियाली, राम नेपालीलगायतले टिप्पणी गर्दै सुझाव दिएका थिए । कार्यक्रमको सञ्चालन मोर्चाका नेता हरि नेपालीले गरेका थिए।

---

# ट्रेड युनियनले ज्ञापनपत्र बुझायो

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ जिल्ला समन्वय समिति दोलखाले प्रमुख जिल्ला अधिकारीमार्फत पारिश्रमिक निर्धारण समिति र श्रम कार्यालयको ध्यानाकर्षण गराएको छ । जिल्लामा कार्यरत मजदुरहरूका तर्फबाट बुझाइएको ज्ञापनपत्रमा मजदुरहरूले अघि सारेका मागहरू यथाशीघ्र कार्यान्वयन हुनुपर्ने उल्लेख छ । साथै ज्ञापनपत्रमा देशमा विद्यमान उत्पादन प्रणालीका कारण नै श्रमिक वर्गले ज्याला मजदुरीमा आफ्नो श्रम बेच्न बाध्य भएको र दैनिक असुरक्षित रोजगारीका निम्ति बिदेसिनु परेको छ उल्लेख छ । जिल्ला अध्यक्ष सरोजले हस्ताक्षर गरेको उक्त ज्ञापनपत्रमा तत्काल सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको र तत्काल चरणबद्ध रूपमा व्यवसाय तथा प्रतिष्ठानहरूलाई सम्बन्धित विषयमा जानकारी गराउने उल्लेख छ । साथै श्रम क्षेत्रका दलाल, राष्ट्रघाती तथा माफिया लगानीविरुद्ध थप सङ्घर्ष सञ्चालन गर्ने कार्यक्रम रहेको पनि जानकारी गराइएको छ।

---

# नेकपा दाङको चेतावनी

**दाङ** : नेपाल कम्युनिस्ट पार्टी दाङका दुईजना जिल्ला सदस्यलाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको छ। पार्टीका जिल्ला सदस्य विकास वली र जनक्रान्तिका घाइते योद्धा परिवारका केन्द्रीय सदस्य तथा पार्टीका जिल्ला सदस्य ईश्वरी पाण्डेलाई सोमबार तुलसीपुरबाट प्रहरीले बिनाकारण गिरफ्तार गरेको नेकपा दाङले जनाएको छ। जिल्ला सेक्रेटरी विक्रमले प्रेसविज्ञप्ति जारी गरी बिनाकारण गिरफ्तार परेका दुई नेता र कार्यकर्ताको तुरुन्त बिनासर्त रिहाइ गर्न जोडदार माग गर्नुभएको छ। विज्ञप्तिमा भनिएको छ, 'हामी यो गैरकानुनी र अन्यायपूर्ण गिरफ्तारीको घोर भर्त्सना र निन्दा गर्दछौं र गिरफ्तारीमा पर्नुभएका दुवैजनालाई बिनासर्त रिहाइ गर्न माग गर्दछौँ।'

एकीकृत जनजागरण अभियान सञ्चालन गरिरहेको उक्त पार्टीले आफूहरूको आग्रहलाई बेवास्ता गरे जिल्ला बन्दलगायत कडा सङ्घर्ष गर्न बाध्य हुने चेतावनी दिँदै यसबाट उत्पन्न सम्पूर्ण परिणामको दोषी सरकार र प्रशासनलाई भड्काउमा पार्ने कथित जनप्रतिनिधि हुनेसमेत जनाएको छ।

# पक्राउको विरोधमा नेकपाद्वारा पूर्वी नेपाल बन्द

■ रातो खबर संवाददाता/

नेकपाका नेताकिरण राई लगायतका नेता नेताकार्यकर्ताको रिहाई र झुटठा मुद्दा खारेजीको माग गर्दै सो पार्टीको पूर्वी कमान्डले मंगलबार आह्वान गरेको बन्दको प्रभाव दिनभर पऱ्यो । बन्दको दिन नेकपा पूर्वी कमान्डअर्न्तगत मेचीकोशी र सगरमाथा अञ्चलमा लामो तथा छोटो दुरीका सवारी साधन, शिक्षण संस्था उद्योग धन्दा र कलकारखाना बन्द भए । कतिपय ठाउँमा भने बन्दको अवज्ञा गर्ने सवारी साधनमाथि बन्दकर्ताले तोडफोड र आगजनी गरिदिएका छन् । बन्द अवज्ञा गरेको भन्दै बन्दकर्ताले बिहानै काठमाडौंबाट काँकभिट्टा जाँदै गरेको यात्रुबाहक रात्रीबसलाई पुर्वपश्चिम राजमार्गको काने पोखरीमा आगजनी गरिदिएका छन् । त्यसैगरी सुन्दरहरैचामा एउटा मिनि ट्रक र अर्को ट्रिफरमा पनि बन्दकर्ताले आगजनी गरिदिएका छन् । त्यसैगरी मोरङ बेलबारीमा २ वटा ट्रकमा पनि आगजनी भएको छ । बन्दको दिन झापादेखि सुनसरी, विराटननगर चल्ने सुर्योदय यातायात प्रालिको इटहरीमा रहेको कार्यालयमा आजगनी भएको छ । नेकपाका केन्द्रीय सदस्य तथा कोशी ब्युरो इन्चार्ज किरण राई लगायतका नेताकार्यकर्ताहरुलाई प्रहरीले धनकुटाको हिलेबाट पक्राउ गरेको थियो । चैत्र ५ गते साँस्कृतिक प्रतिरोध दिवसको अवसरमा हिले बजारमा भइरहेको सभास्थलबाटै प्रहरीले उनीहरुलाई पक्राउ गरेको थियो ।

बन्दको पूर्वसन्ध्यामा सोमबार बेलुका पूर्वका विभिन्न जिल्लामा मशाल जुलुस निकालिएको थियो । धनुषा जिल्लाको धनुषाधाम नगरपालिका नौसय टोल, धनुषाधाम, तेजनगर लगायतका स्थानहरुमा नेकपाका समर्थकहरुले मशाल जुलुस निकालेका थिए । यसैबीच सिराहाको कर्जनाहा, बरहराचोक, सिन्धुलीको हरिहरपुरगडी क्यानखोला, कालीलेकमा पनि मशाल जुलुश निकालिएको छ । यस्तै सप्तरीको बोदे बर्साही नगरपालिका ५ बराहा, मोरङको बेलबारी नपास्थित पुर्वपश्चिम राजमार्गमा रहेका लक्ष्मीमार्ग, झापाको दमक, मेचीनगर, कुमरखोद र ढुकुरपानीमा पनि मशाल जुलुस निकालिएको थियो ।

यसैविच पूर्व बन्दको दिनप्रहरीले बाबुलाल पासवानसहित ४ जनालाई प्रहरीले गिरफ्तार गरेको छ । पासवानलाई विराटनगरबाट मोटरसाइकलसहित गिरफ्तार गरिएको हो । यस्तै योङ रेड फोर्स, नेपालका संखुवासभा अध्यक्ष ङिमा शेर्पा, युवा सदस्य अविशेक मोक्तानलाई पनि प्रहरीले फुङलिङ बजारबाट पक्राउ गरेको छ । यस्तै शिक्षक संगठनका उदयपुर अध्यक्ष युवराज कार्कीलाई गाईघाटबाट पक्राउ गरिएको छ ।

**नेपालस्थित भारतीय क्याम्पमा विस्फोट**

मोरङको विराटनगर अवस्थित भारतीय क्याम्पमा सोमबार साँझ शक्तिशाली बम विस्फोट भएको छ । नेपाल सरकारले पटकपटक ताकेता गर्दा पनि भारत सरकारले उक्त क्याम्प हटाउन अटेर गर्दै आएको थियो । दिल्लीले सो दुतावासलाई मान्यता दिन लबिङ गर्दै आइरहेको छ । नेकपा सहित विभिन्न राजनैतिक पार्टीहरुले सो कार्यालय बन्द गर्न दबाव दिँदै आइरहेका थिए । सुनसरी दुहबीको एउटा मदिरा कारखानामा बम विस्फोट भएको समाचार प्राप्त भएको छ । यस्तै पूर्वपश्चिम राजमार्ग अन्तर्गत सुनसरी र मोरङको सिमानामा पर्ने बुडी खोलाको पुलमा बम भेटिएको छ ।

त्यसैगरी नेकपाका पूर्वी कमान्ड इन्चार्ज विरहीले मङ्गलबार पूर्वी क्षेत्र बन्द गर्न सघाउने सबै पक्षलाई धन्यवाद दिँदै सरकारले बिनाकारण गिरफ्तार गरेका नेता र कार्यकर्तालाई बिनासर्त तत्काल रिहा गर्न आग्रह गरेका छन् । विज्ञप्ति जारी गर्दै विरहीले २०६५ सालमा बाढी नियन्त्रण गर्न विराटनगरमा बनाइएको भारतीय बाढी नियन्त्रण कार्यालयले क्रान्तिकारी आन्दोलनविरुद्ध जासुसी गरिरहेकाले उक्त कार्यालय तत्काल बन्द गर्न चेतावनी पनि दिएका छन् । पार्टीका नेता र कार्यकर्ता रिहा नगरिए र विराटनगरस्थित भारतीय कार्यालय बन्द नगरिए अझ उच्च स्तरको सङ्घर्ष सञ्चालन गरिने विरहीको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिको पूर्ण पाठ यसप्रकार रहेको छ :

ओली-दाहाल नेतृत्वको सामाजिक दलाल पुँजीवादी प्रवृत्ति तथा उनीहरुको राष्ट्रघाती, जनघाती र फासिस्ट चरित्रका विरुद्ध हाम्रो पार्टीले निरन्तर सङ्घर्ष गर्दै आएको छ । हाम्रो पार्टीका केन्द्रीय सदस्य तथा कोसी ब्युरो इन्चार्ज किरण राईसहित उदयपुर, सुनसरी, मोरङ, धनकुटा, सङ्खुवासभा, तेह्रथुम, इलाम, झापालगायत स्थानबाट ५० औँ कार्यकर्तालाई गिरफ्तार गरेर झूट्टा मुद्दामा फसाइएको छ । त्यसका विरुद्ध चैत २९ देखि सुरु भएको सङ्घर्षको कार्यक्रम वैशाख ४ गते पूर्वी कमान्ड बन्दसहित सम्पन्न भएको छ । उक्त कार्यक्रम सफल पार्न अहोरात्र खट्ने नेता-कार्यकर्ता सहयोगी जनसमुदाय, यातायत व्यवसायी, व्यापारी, उद्यमी, सञ्चारकर्मीसहित सबैप्रति हार्दिक धन्यवादसहित अभार प्रकट गर्दछ ।

२०६५ सालमा कोसी नदीको बाढी नियन्त्रण गर्न बनाइएको विराटनगर १३ स्थित भारतीय बाढी नियन्त्रण कार्यालय अझै हटाइएको छैन र त्यसले नेपाल देश र क्रान्तिकारी आन्दोलनको विरुद्ध जासुसी गरिरहेको छ । उक्त भारतीय जासुसी कार्यालय हटाउन र हाम्रा नेताकार्यकर्ता रिहा गर्न माग गर्दछौँ । अन्यथा साम्राज्यवाद र उसको नेपाली दलाल सरकारका विरुद्ध थप सङ्घर्षमा उत्रन बाध्य हुनेछौँ ।

# मगर मुक्ति मोर्चा ललितपुरको भेला

■ रातो खबर संवाददाता/काठमाडौं

मगर मुक्ति मोर्चा, नेपाल ललितपुरको जिल्ला भेला सम्पन्न भएको छ । मोर्चाका केन्द्रीय कार्यालय सदस्य सुदर्शन थापामगरको उपस्थितिमा भएको भेलाले जितबहादुर खपाङ्गीको अध्यक्षतामा ४ सदस्य पछि थप्ने गरी १९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । कार्यसमितिको उपाध्यक्षमा राजन मगर, सचिवमा पविता खपाङ्गी, सहसचिवमा भीम आलेमगर र कोषाध्यक्षमा बालकुमारी लुंगेलीमगर रहेका छन् । सदस्यहरूमा चैन मगर, सुनिता खपाङ्गीमगर, नारायण मगर, अप्सरा मगर, कृष्णमगर, निर्मला सिँजाली मगर, माइला मगर, सुरेश खपाङ्गी, रामबहादुर आलेमगर र टेक आलेमगर रहेका छन् ।

शनिबार सम्पन्न उक्त भेलामा नेकपाका ललितपुर सेक्रेटरी विपीन, मगर मोर्चाका अर्का केन्द्रीय कार्यालय सदस्य मोहनसिंह सारुमगर, उपत्यका संयोजक सञ्जीव लुंगेलीमगर र योङ रेड फोर्स ललितपुरका कमल गुरुङलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । भेलापछिको पहिलो बैठकले मगर मुक्ति मोर्चाको सदस्यतालाई व्यापक बढाउने, एकीकृत जनजागरण अभियानमा मगरहरूलाई सहभागी बनाउने निर्णय गरेको छ ।

शुभकामना

नयाँ वर्ष २०७५ सालको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कर्माचार्य ग्रुप प्रा.लि.

महेन्द्रपुल, पोखरा, कास्की

जग्गा किन्न खोज्ने व्यक्तिहरुलाई सूचना

जग्गा रहेको स्थान, जग्गाको विवरण, जग्गाको किसिम, जग्गाको प्रकार, क्षेत्रफल, बाटोको प्रकार आदिको बारेमा नापी कार्यालय तथा सम्बन्धित स्थानीय निकायबाट बुझी अनि सम्बन्धित पूर्जा मालपोत कार्यालयमा रहेको श्रेस्तासँग रुजु गरी मात्र जग्गाको कारोबार गर्नहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

मालपोत कार्यालय

बुटवल, रुपन्देही

शुभकामना

नयाँ वर्ष २०७५ सालको अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रो. शंकर बहादुर श्रेष्ठ

माछापुच्छ्रे मेटल एण्ड इन्जिनियरिङ वर्कसप

काठमाडौं-७, लामापोखरी मार्ग, चावहिल, काठमाडौं

फोन : ९८४१२४११९६, ०१-४४८९०३२



१ वर्षे मुद्दति खातामा
आकर्षक ब्याजदर
११%
वार्षिक ब्याजदर
तपाईंको विश्वासलाई
उच्चतम प्रतिफलको सम्मान
PRABHU BANK
बबरमहल, काठमाडौं, नेपाल । फोन : ०१-४७८८५००
इमेल : info@prabhubank.com । टोल फ्रि नं. १६६००१०७७७७
www.prabhubank.com

शुभकामना
नयाँ वर्ष २०७५ सालको अवसरमा
सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
Er. Deepak Joshi
Director
JOSHI AUTOMOBILES
Jam Plaza, Gongabu, Chaktapath, kathmandu
Tel : 01-4354021, 4354162

# मेलम्ची खानेपानी आयोजनासम्बन्धी प्रायशः शोधिने केही प्रश्नहरू

**प्रश्न नं. १ : काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना भनेको के हो ?**

उत्तर : काठमाडौं उपत्यकाबासीलाई सहज र उचित खानेपानी व्यवस्था गर्न हालको खानेपानी वितरण प्रणालीमा आवश्यक सुधारका लागि काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना संचालन गरिएको हो ।

यो आयोजना दुई चरणमा सम्पन्न हुनेछ । पहिलो चरणमा मेलम्चीको पानी २७.६ कि.मी. लामो सुरुङ हुँदै काठमाडौंको सुन्दरीजलमा निर्माणाधीन प्रशोधन केन्द्रमा प्रशोधन गरी थोक वितरण प्रणालीमार्फत् वितरण गरिनेछ । पहिलो चरणअन्तर्गत काठमाडौंका पुराना पानी वितरण प्रणालीको सुधार पनि रहेको छ । हाल पहिलो चरणअन्तर्गतको निर्माण कार्य भइरहेको छ ।

दोस्रो चरणको तयारीका कामहरू पनि भइरहेका छन् । दोस्रो चरणअन्तर्गत मेलम्ची सुरुङबाट यांग्री र लार्केखोलाको थप पानी काठमाडौं ल्याउने र सुन्दरीजल प्रशोधन केन्द्रको विस्तारका कार्यहरू रहेका छन् ।

**प्रश्न २ : मेरो घरको धारामा कहिलेदेखि पर्याप्त खानेपानी आउँछ ?**

उत्तर : नयाँ तथा पुराना प्रणालीअन्तर्गत धारा जडान भएका केयुकेएलका ग्राहकका घरमा माघ २०७५ भित्र हालको भन्दा उल्लेखनीय मात्रामा धेरै पानी आउने अपेक्षा गरिएको छ । केयुकेएलको पानी वितरण प्रणालीमा पानी थप गर्नका लागि केही निर्माण कार्य बाँकी छन् । जसअन्तर्गत सुरुङ खन्ने काम थोरै मात्र बाँकी छ र यो काम आगामी वर्षको सुरुमै सकिने अपेक्षा गरिएको छ । त्यसरी सुरुङबाट ल्याइएको पानी सुन्दरीजल प्रशोधन केन्द्रमा प्रशोधन गरी, आवश्यक परीक्षणका कार्यहरू गरी वितरण प्रणालीमार्फत् प्रत्येक घरमा मेलम्चीको पानी वितरण गरिनेछ ।

**नयाँ प्रणालीबाट पानी वितरणसम्बन्धी लक्षित कार्यतालिका**

| महत्वपूर्ण कार्यहरू | लक्षित मिति |
|---|---|
| मेलम्ची सुरुङ* निर्माण कार्यको समापन | जेठ २०७५ |
| मेलम्ची सुरुङदेखि सुन्दरीजल प्रशोधन केन्द्रमा पानी स्थानान्तरण | साउन २०७५ |
| थोक वितरण प्रणाली (३००-१४०० मिलिलिटर व्यासका पाइपहरू र ३०००-९५०० घनमिटर क्षमताका पानीपोखरीहरू) को testing, commissioning | असोज २०७५ |
| नयाँ जडान गरिएका वितरण संजालको क्रमिक रूपमा DMA-wise testing, commissioning र पानी वितरण | मंसिर २०७५ |
| वितरण सञ्जाल सुधार कार्य पूरा भई पानी वितरणको सुरुआत | माघ २०७५ |
| *सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ । योसँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ । | |

सुरुङ निर्माणकार्य चुनौतीपूर्ण छ । यो सँगै विगतमा भएका जस्तै कतिपय अनपेक्षित घटनाले गर्दा लक्षित मितिमा तलमाथि पर्न सक्छ ।

**प्रश्न नं. ३ : मेरो घरमा केयुकेएलको नयाँ धारा जडान भएको छैन, पुरानै जडान यथावत् छ । के काठमाडौंमा मेलम्चीको पानी आएपछि मेरो घरमा पनि पानी उपलब्ध हुन्छ ?**

उत्तर : हुन्छ । केयुकेएलका पुराना ग्राहकहरूले हाल रहेकै पाइप लाइनबाट निकट भविष्यमा थप पानी पाउनेछन् । सुरुङबाट ल्याइने मेलम्चीको पानी काठमाडौंमा थपिएपछि काठमाडौंमा थपिएपछि काठमाडौंमा खानेपानीको उपलब्धता उल्लेखनीय वृद्धि हुनेछ । त्यसपछि मौजुदा वितरण प्रणाली तथा नयाँ वितरण प्रणालीसँग जोडिएका घरहरूमा पानी वितरण सहज हुनेछ । साथसाथै काठमाडौंमा खानेपानी क्षेत्रको सुधार प्रक्रिया चरणबद्ध रुपमा अघि बढिरहनेछ ।

**प्रश्न नं. ४ : केयुकेएलको धारा जडान गर्न के गर्नुपर्छ ?**

उत्तर : केयुकेएलका उपत्यकामा रहेका १० ओटा शाखाहरूमध्ये आफूलाई पायक पर्ने शाखामा गएर आवश्यक शुल्क बुझाउनुपर्छ । नयाँ धारा जडान गर्न सामान्यतया रु. ८,००० जति लाग्छ । पुराना पाइप जडान भएका ग्राहकले पुरानो वितरण प्रणाली हटाएर नयाँ वितरण प्रणाली विस्तार भइरहेको क्षेत्रमा नयाँ पाइप जडानको लागि शुल्क तिरेको रसिद आयोजना कार्यान्वयन निर्देशनालयलाई बुझाउनुपर्दछ । त्यसपछि निर्देशनालयले तपाईंको घरमा नयाँ मिटरसहितको धारा जडान गर्नेछ ।

**काठमाडौं उपत्यका खानेपानी लिमिटेड**

अनामनगर, काठमाडौं, फोन नं. ४२२२९८६, ४२२४९८६, एक्स्टेक्सन १३१, फ्याक्स नं. ४२२४०५७

## सार्वजनिक सूचना

**तपाईले आयात/निर्यात गर्न लागेको सामानमा कति मसुल लाग्दैछ ?**
**कति छूट पाउनुहुन्छ वा आयात/निर्यात प्रतिबन्ध छ ?**
**जस्ता**

भन्सार सम्बन्धी कुनै जिज्ञासा भएमा हामीलाई सम्झनुहोस् हामी तपाईको जिज्ञासाको समाधान गर्ने प्रयास गर्नेछौं । आफ्नो जिज्ञासाका सम्बन्धमा कार्यालय समयभित्र स्वयं उपस्थित भएर वा फोनमार्फत् पनि राख्न सक्नुहुनेछ ।

कार्यालय समयभित्र प्राप्त फोनको तत्काल जवाफ पाउन सक्नुहुनेछ भने कार्यालय समय अघि-पछि फोन गर्दा कुनै जिज्ञासा भएमा भन्न सक्नुहुनेछ । फोनमा रेकर्डिङ सिष्टम भएकाले कार्यालय खुलेपछि प्रश्नको जवाफ दिइनेछ ।

**भन्सार विभाग सेवा कक्ष**

त्रिपुरेश्वर, काठमाडौं

फोन नं. : ०१-४२५९८६१, टोल फ्रि नं. : १६६००१२१२२३

नेपाल सरकार
कृषि विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर

**पशु वधस्थल तथा मासु पसल सञ्चालनका लागि देहाय बमोजिमका न्यूनतम मापदण्डहरु अवलम्बन गरी स्वस्थ र स्वच्छ मासु उपलब्ध गराऔं ।**

- वध गर्नु अघि पशुपन्छीको स्वास्थ्य अवस्थालाई विशेष ध्यान पुऱ्याउँ ।
- रोग शंकास्पद, बिरामी तथा औषधि प्रयोग भइरहेको अवस्थामा पशुपन्छीलाई वध नगरौं ।
- पशुपन्छी वध गर्ने र मासु बिक्री वितरण गर्ने काम छुट्टा छुट्टै स्थानबाट गरौं ।
- वध गर्ने स्थान राम्रोसँग सफा गर्न सकिने, पानी नजम्ने पक्की तरिकाको बनाउँ ।
- वध गरी सकेपछी सकेसम्म हुकमा झुन्ड्याएर मासुमा फोहर नलाग्ने गरी मार्बल लगाएको स्थान वा स्टीलको टेवलमा राखी बिक्री वितरण गरौं ।
- वधस्थल तथा मासु पसलमा सफा पानीको प्रबन्ध मिलाऔं ।
- पशु वधस्थल तथा मासु पसलबाट निस्केको फोहर मैला व्यवस्थापनको उचित प्रबन्ध मिलाऔं । जथाभावी फ्याँक्ने नगरौं ।
- वधस्थल तथा मासु पसल वरपरको स्थान र वातावरण सफा राखौं ।
- मासु पसलमा उपयुक्त तवरबाट कोल्ड चेन अर्थात रेफ्रिजेरेटर वा डिप फ्रिजको व्यवस्था गरी मासुको गुणस्तरलाई सुरक्षित राखौं ।
- व्यावसाय दर्ता, मूल्य सूचि राख्ने तथा तौल लिने सामग्रीको प्रमाणीकरण जस्ता आधारभूत प्रकृयाहरु समयमै सम्पन्न गरी आफ्नो पेशालाई स्तरीय र मर्यादित बनाऔं । अनुगमनका सिलसिलामा प्रदान गरिएका निर्देशनहरुलाई पालना गरौं ।

निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं